मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

वर्ष १ | अंक २०३ | २०८० साल जेठ २१ गते आइतबार | Sunday 04, June 2023 | सूर्योदयः बिहान ५:११ बजे | सूर्यास्तः साँझ ६:५६ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

## सगरमाथामै बिलाए रञ्जित

"वर्षमा ११ महिना जनकपुरमा पान पसल चलाएर एक महिना साइकल यात्रामा निस्कने रञ्जित कुमार साहले जनकपुरधाम-पशुपति, जनकपुरधाम-हलेसी, जनकपुरधाम-अयोध्या, जनकपुरधाम-मुक्तिनाथ, जनकपुरधाम-पाथीभराको सैयौं किलोमिटर यात्रा गरिसकेका थिए। २०७६ मा जनकपुरधामबाट साइकल यात्रा गरी १९ दिनमा एभरेष्ट आधारशिविर बसेर फर्केका थिए।सगरमाथा चढ्ने सपनामा मधेश सरकारबाट आर्थिक सहयोग नजुटेपछि उनले सगोलमा रहेको तीनतले घर दाई वैद्यनाथका नाममा पास गरेर अंशमा परेको केही जमिन बेचेर २० लाख रुपैयाँ जुटेपछि सगरमाथा यात्रामा हिँडेका थिए।"



**किरण कर्ण**
**जनकपुरधाम।**
मधेश समुदायका एक युवा जो सगरमाथा चढ्ने ध्येयका साथ आरोहणमा निस्किए। उनको उत्साह र हिम्मतले चुचुरोमा चुम्न केही मिटर मात्र बाँकी थियो। तर अकस्मात उनको चुचुरो यात्रा मात्र रोकिएन, उनी फर्केर मधेश र घर पनि नआउने भए अर्थात् जनकपुरधामका रञ्जित कुमार साह सगरमाथामै हराए-बिलाए।

गुपचुप घर र मधेशबाट निस्किएका रञ्जित केही साता पहिला सगरमाथा आरोहणमा गएका थिए। ८ हजार ७ सय मिटर सफल आरोहण गरिसकेका रञ्जितको जिपिएस ट्र्याकर अफ भएपछि उनको खोजबिन सुरु भयो। खोजबिनक्रममा उनी चीनको तिब्बततर्फ खसेको भन्दै निधनको पुष्टि गरियो। उनीसँगै रहेका गाइड लाक्पानुरी शेर्पाको समेत निधन भएको छ। दुई जना बेपत्ता भएको खबरपछि आधारशिविरमै रहेका सरकारी सम्पर्क अधिकृत खिमलाल गौतमले सोधखोज गर्दा घटना सार्वजनिक भएको हो।

रञ्जित र गाइड लाक्पाबारे खोजबिनक्रममा एक आरोहीले 'साउथ समिट नजिकै डोरी लत्रेर चीनतर्फ खसको देखेको' भन्नेसम्म सुनेपछि तिब्बततर्फ खसेर घटना भएको जनाइए पनि शव फेला पर्ने सम्भावना क्षिण भएको उनले बताए। उनी क्याम्प-४ भन्दा केही माथिबाट सम्पर्कविहीन भएका थिए। रञ्जितको अवस्थाबारे बुझ्न उनका दाइ वैद्यनाथ साहले सम्बन्धित पक्षसँग आग्रह गरेका थिए। वैद्यनाथले काठमाडौँबाट रञ्जित 'मिसिङ भएको' खबर प्राप्त भएको बताए। उनले हराएको खबर पाएलगत्तै पर्यटन विभागलगायत सम्बन्धित निकायमा खोजबिनका लागि आग्रह गरेको बताए। एक दुई दिनमा थप जानकारी प्राप्त हुने बताएका थिए। उनले अहिलेसम्म सम्पर्कमा नआएको बताए।

रञ्जित यसअघि २०७६ मा जनकपुरधामबाट साइकल यात्रा गरी १९ दिनमा एभरेष्ट आधारशिविर बसेर फर्केका थिए। जनकपुरधामबाट साइकलमै यात्रा गर्दै एभरेष्ट आधारशिविरसम्म पुगेका साहले सगरमाथा आरोहण गर्ने अठोट लिएका थिए।

सगरमाथा आरोहीको कथा
'हिमाल पहाड तराई, हाम्रो मातृभूमि नेपाल, राष्ट्रिय एकता' नाराका साथ सुरु गरेको यात्रालाई रञ्जितले चरणवद्धरुपमा सगरमाथा चढेर यात्रा सफल पार्ने सपना बोक्दै अघि बढे। उनले तत्कालीन प्रदेश नम्बर २ का प्रदेश प्रमुख राजेश अहिराज, मुख्यमन्त्री लालबाबु राउत, पर्यटकीय क्षेत्रमा काम गर्नेहरुसँग समेत बाक्लो भेटघाट गर्दै आफ्नो अभियानबारे विस्तृत योजना सुनाउने गरेको थिए।

सगरमाथा आरोहणक्रममा जेठ ११ गते राति जनकपुरधामका पान पसले रञ्जितकुमार साह र उनका गाइड लाक्पानुरी शेर्पा साउथ समिट (८,७००) मिटरमाथि उक्लिसकेका थिए। सगरमाथाको चुचुरो पुग्न करिब दुई सय मिटर मात्रै बाँकी थियो। रातको करिब १ बजेर ५५ मिनेटमा एक्कासी उनको जिपिएस अफ भयो। जिपिएस ट्र्याक गरिरहेका ङिमादेण्डी शेर्पाले ब्याट्री सकिएको अनुमान गरे।

उनीहरूलाई सेटमा सम्पर्कको प्रयास पनि गरियो। उनीहरुबाट कुनै प्रतिक्रिया आएन। शेर्पा गाइड साथै भएकाले रञ्जित सम्पर्कमा आउलान् भन्ने अनुमान थियो। तर, न उनीहरू चुचुरोमा पुगेको खबर आयो, न त चौथो शिविर नै फर्किए। दुवै सम्पर्कविहीन भए। अन्ततः रञ्जित र लाक्पानुरु साउथ समिटदेखि सधैँका लागि हराएको नमीठो खबर आयो।

जनकपुरधामस्थित बसपार्कको दायाँतर्फ

बाँकी पृष्ठ २ मा

## करिब २६ अर्बको नेपाली उत्पादन निकासी



मधेशदृष्टि
वीरगंज।
वीरगंज आइसिपी भन्सार नाका हुदै चालु आर्थिक बर्ष २०७९/८० को १० महिनामा भारत तथा तेस्रो मुलुकमा २५ अर्ब ८६ करोड ४८ लाख २६ हजार रुपैयाँ बराबरको नेपाली उत्पादन निकासी भएको छ। वीरगंज नाका हुँदै भारत, डेनमार्क, अष्ट्रेलिया, अमेरिका, चीन, रुस, फिलिपिन्स, थाइल्यान्डलगायतका मुलुकमा नेपाली उत्पादन तथा जडीबुटी निकासी भएको वीरगंज आइसिपी भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक डिलाराम पन्थीले जानकारी दिए। आइसिपी भन्सार नाका हुँदै २ अर्ब ८६ करोड ८४ लाख रुपैयाँ बराबरको प्रशोधित भटमासको तेल, ४८ करोड १२ लाख रुपैयाँ बराबरको पाम आयल भारत निर्यात भएको छ।

त्यसैगरी, ७४ करोड ९४ लाख रुपैयाँ बराबरको डाबर नेपालले उत्पादन गरेको जुस भारत निर्यात भएको छ। ६९ करोड २० लाख ३ हजार रुपैयाँ बराबरको सूर्यमुखी प्रशोधित तेल, ६८ करोड ६२ लाख ७ हजार रुपैयाँ बराबरको सेन्थेटिक यार्नसमेत वीरगंज नाकाबाट भारत निर्यात भएको प्रमुख भन्सार प्रशासक पन्थीले बताए।

वीरगंज नाकाबाट १ अर्ब ६३ करोड ७६ लाख ८ हजार रुपैयाँ बराबरको जमोठ कपडा, १ अर्ब ५ करोड ८१ लाख ३ हजार रुपैयाँ बराबरको पिना निर्यात भएको छ। यो अवधिमा प्लाष्टिकका सीट, फिल्म, फ्वाइल पत्तालगायतका सामग्री १४ अर्ब ७९ करोड ५९ लाख ८१ हजार रुपैयाँ बराबरको वीरगंज नाका हुँदै भारत तथा तेस्रो मुलुक निर्यात भएको छ भने ६ अर्ब ७९ करोड ६६ लाख ४० हजार रुपैयाँ बराबरको तयारी कपडा निर्यात भएको छ।

त्यसैगरी, २२ करोड ९२ लाख १२ हजार रुपैयाँ बराबरको कपडाका बोरा झोला, ६३ करोड ९ लाख २७ हजार रुपैयाँ बराबरको उनी गलैँचा तेस्रो मुलुक निर्यात भएको वीरगंज भन्सार कार्यालयको तथ्यांकले देखाएको छ। वीरगंज नाकाबाट नेपाली कपडाका साथै प्लास्टिकको बिर्को-ढकनी, लिड शिशा, दन्तमन्जन, स्पोर्ट सुज, सेन्थेटिक सुज, होमियोथिक, शुद्ध आयुर्वेदिक र युनानी औषधीको कच्चा पदार्थ, कुकुर तथा बिरालोको खाना, फ्याटी एसिड आयल, वाद्ययन्त्र, राँगाभैँसीको तयारी छालालगायतका सामान भारत तथा तेस्रो मुलुक निर्यात भएको आइसिपी भन्सार कार्यालय वीरगंजका प्रमुख भन्सार अधिकृत राजेन्द्र प्रसाद चुडालले जानकारी दिए।

## भारत भ्रमण परिणामुखी भयो : प्रधानमन्त्री



मधेशृष्टि
काठमाडौँ।
प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले भारत भ्रमण विगतको भन्दा फरक र परिणामुखी भएको बताएका छन्। शनिबार भारतको चार दिवसीय भ्रमण सम्पनन गरेर स्वदेश फर्किने क्रममा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पत्रकार सम्मेलन गरी प्रधानमन्त्रीले भारत भ्रमणका उपलब्धीहरु बताएका हुन्।

प्रधानमन्त्री पचण्डले भने, 'विगत भन्दा फरक पाएको छु। सारभूत रुपमा परिणामुखी रहेको छ। भविष्यका लागिपनि स्पष्ट मार्गदर्शनसमेत भएको छ।'

उनले विगतमा भारतसँगको सम्बन्धमा विश्वासको संकटजस्तो देखिएतापनि अहिलेको भ्रममणले विश्वासको नयाँ वातावरण बनेको बताए।

यस भ्रमणका क्रममा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले नेपाल-भारत सम्बन्ध सुपरहिट बनाउँछौ भनेबाटै पनि त्यसको संकेत देखिएको स्पष्ट पारे। उनले भ्रमणका क्रममा भएका सहमतिहरुलाई कार्यान्वयनमा ल्याउनुपर्नेमा जोड दिए।

### गेरुबस्त्रबारे प्रचण्डको भनाइ

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले धर्मपत्नी सीता दाहालको स्वास्थ्य लाभका लागि भारतको तीर्थस्थल महाकालेश्वर नगएको दावी गरेका छन्।प्रधानमन्त्री प्रचण्डले आफू महाकालेश्वर मन्दिरमा गएकोमा पक्ष विपक्षमा टिकाटिप्पणीहरु सुनेको भन्दै आफू मनैले धर्मनिरपेक्षवादी भएको स्पष्ट पारे।आफू र आफू नेतृत्वको टोलीबारे स्पष्ट पार्दै भने, 'धर्मनिरपेक्षवादी भएको नाताले हिन्दु, मुस्लिम, बुद्धिष्ट सबैप्रति समान दृष्टिकोण राख्नुपर्छ' उनले भने, 'उज्जैन भव्य रहेछ। हामी पनि बुद्ध सर्किट बनाउँदैछौ, धार्मिक पर्यटनको प्रयास गरिरहेका छौँ। यस्तो अवस्थामा म भारत भ्रमणमा गएका बेला उज्जैन गएका हौ।'प्रधानमन्त्री प्रचण्डले आफु कम्युनिस्टमात्र नभएर प्रधानमन्त्रीपनि भएको भन्दै त्यहाँ जाँदा सुरक्षाकर्मीले आफूलाई गेरुबस्त्र नलाउन बल गरेपनि त्यहाँको प्रोटोकल मान्नुपर्ने भएकाले लगाएको बताए।उनले कतिपयले पत्नीको स्वास्थ्यलाभका लागि मन्दिर गएको भनिएपनि त्यसमा सत्यता नभएको बताए।

## नयाँ ऐनअनुसार आजदेखि नागरिकता वितरण हुने




**मधेशदृष्टि**
**वीरगंज।**
राष्ट्रपतिले जारी गरेको नयाँ नागरिकता ऐनअनुसार जेठ २१ गते अर्थात् आज आइतबारदेखि कार्यान्वयनमा आउने भएको छ। देशका ७७ जिल्लाबाट आइतबारदेखि नयाँ ऐनअनुसार नागरिकता प्रमाणपत्र वितरण सुरू हुने भएको छ।

राष्ट्रपति रामचन्द्र पौडेलले बुधबार प्रमाणीकरण गरेपछि सरकारले राजपत्रमा सूचना प्रकाशित गरे पनि नयाँ नागरिकता ऐनअनुसार नागरिकता वितरण सुरू भएको छैन। जिल्ला प्रशासन कार्यालयहरू गृह मन्त्रालयको परिपत्र कुरेर बसेका थिए। गृह मन्त्रालयले शुक्रबार ७७ वटै जिल्ला प्रशासन कार्यालयलाई परिपत्र पठाउँदै नयाँ ऐनअनुसार नागरिकता वितरण सुरू गर्न भनेपछि मुलुकभरका जिल्ला प्रशासनहरूले आइतबारदेखि नागरिकता वितरण थाल्ने भएका हुन्।

पर्साका सहायक प्रमुख जिल्ला अधिकारी भीमकान्त पौडेलले गृहको परिपत्र आएको बताए। उनले नयाँ कानुनअनुसार नागरिकता वितरण गर्न त्यसका प्रावधानका विषयमा सूचना जारी गरेर अर्को हप्तादेखि नागरिकता वितरण गरिने बताए। राष्ट्रपतिबाट प्रमाणीकरण भएर राजपत्रमा प्रकाशित भएको नागरिकतासम्बन्धी नयाँ ऐनले पुरानो कानुनमा मुख्यतः चार वटा विषय परिवर्तन गरेको छ। गृहको परिपत्रसँगै आइतबारदेखि नयाँ कानुनअनुसार जन्मका आधारमा नागरिकता पाएका नागरिकका सन्तानले, आमाको नामबाट मात्र नागरिकता लिनेले र विदेशी बाबुबाट जन्मिएका नेपाली महिलाका सन्तानले पनि नागरिकता पाउने छन्। त्यस्तै, गैरआवासीय नेपालीले राजनीति बाहेकका अधिकार प्राप्ति गर्नका लागि पनि नागरिकता पाउने छन्।

नयाँ कानुनअनुसार २०७२ साल असोज ३ गते भन्दाअघि जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेका नागरिकका सन्तानले बाबु र आमा दुवैको नेपाली नागरिकता देखाएर १६ वर्ष पुगेपछि वंशजको नागरिकता पाउँछन्। यो कानुनअनुसार महिलाले आफ्नो नामबाट मात्र सन्तानलाई नागरिकता दिलाउन चार वटा शर्त पूरा गर्नुपर्ने छ।

# संसारीमाई पञ्च वार्षिक महापूजा आरम्भ



**मधेशदृष्टि**
**जलेश्वर ।**
महोत्तरीको जलेश्वरमा पाँच वर्षपछि हुन थालेको संसारीमाई पञ्च वार्षिक महापूजाको कार्यक्रम भव्यरुपमा सुरु भएको छ। संसारीमाई पञ्च वार्षिक महापूजाको सप्ताहव्यापी कार्यक्रम अन्तर्गत पहिलो दिन नगर सरसफाई गरी पुजाको कार्यक्रम सुरु भएको महापूजा मुल समारोह समितिका अध्यक्ष अशोक कुमार साहले जानकारी दिए। महापूजाको सप्ताहव्यापी कार्यक्रम अन्तर्गत १९ गते नगर सरसफाई, २० गते कलश शोभा यात्रा, २१ गते महापाठ, २२ गते लखराम पुजा, २३ गते हनुमान आराधना, २४ गते अष्टयाम, २५ गते विडी सलामी र महाआरती र २६ गते बलिप्रदान गरी पञ्च वार्षिकी महापूजाको समापन गरिने उनले बताए।
जलेश्वरको प्रसिद्ध जलेश्वरनाथ महादेव मन्दिरको अगाडी रहेको बरुणसरको पूर्वी मुहारमा रहेको संसारीमाई मन्दिरका पुजारी महेन्द्र मुखियाले जेठ २६ गतेको लागि महापूजाको तिथी तय गरेपछि चैत्र महिनाको अन्तिमसातादेखि महापुजाको तयारी थालिएको थियो। करिब एक करोडभन्दा बढी खर्च हुने अनुमान गरिएको यस महापूजामा १० हजारभन्दा बढी बोका, हाँस, कुखुरा, परेवा, सुँगुर र राँगाको बलिप्रदान हुने अनुमान रहेको महापूजा मूल समारोह समितिका अध्यक्ष साहले बताए।
संसारीमाई महापूजामा जलेश्वर नगरपालिकाको प्रत्येक घरबाट अनिवार्य रुपमा बलि दिइने चलन रहेको छ भने संसारीमाईसँग भाकल गरेका भारत तथा विभिन्न जिल्लाबाट भक्तजनहरुले समेत आ-आफ्ना मनोकांक्षा अनुरुप बलि दिने परम्परा रहेको छन्।
अनादीकालमा जलेश्वरमा महामारी आएर दर्जनौं व्यक्तिको मृत्यु भइरहेको बेला स्थानीयले संसारीमाईलाई आह्वान गरी माहामारी रोकेका थिए। त्यतिबेला उनलाई यहाँका वासीले पूजा गर्ने वचनबद्धता प्रकट गरेपछि माता संसारीले महामारी रोकिदिएको र सोही बेलादेखि स्थानीयले माता संसारीको पूजाअर्चना गर्दै आएको आमबुझाई रहेको छ।

# बलात्कारको कसुरमा १० वर्ष कैद सजाय

**विनय कर्ण**
**सप्तरी।**
सप्तरी जिल्ला अदालतले बलात्कार गरेको कसुरमा एक युवक लाई दोषी ठहर गर्दै १० बर्षको कैद सजाय गरेको छ।
सप्तरीको तिरहुत गाउँपालिका वडा नम्बर ३ का २३ वर्षीय ज्ञानु भनिने ज्ञानकुमार साहलाई अदालतले १० वर्ष कैद सजाय गरेको हो।
जिल्ला न्यायाधीश हेमन्त रावलको इजलासले १९ जेठमा आरोपित साहलाई कसुरवार ठहर गर्दै १० वर्ष कैद सजायका साथै रु ५० हजार क्षतिपूर्ति र फौजदारी कसुर पीडित राहत कोषमा रु १ हजार ३ सय भराउनु पर्ने फैसला गरेको छ।
२०७७ कार्तिक ८ मा घरमा शौचालय नभएका कारण पीडित घरनजिकैको बाँसघारीमा राति ८ बजेको समयमा शौच गर्न निस्किन लाग्दा एक्लै जान डर भएकोले उनी १९ वर्षीया किशोरीलाई साथ लिएर गएको थिईन्।
सोही समयमा अध्यारोमा समतेर मुख थुनी आरोपित र सोही ठउँका १९ वर्षीय सुनिलकुमार साहले करिब चार सय मिटर टाढा लगेर बलात्कार गरेको पीडितले बताईन्।
उनी संगै रहेकी अर्की १९ वर्षीया किशोरीमाथि पनि बलात्कारको प्रयास



भएको थियो। मध्यरातिमा घटनाको जानकारी पाएर पौने १ बजेतिर घटनास्थलमा प्रहरी पुगेर बलात्कार प्रयासका आरोपित सुनिललाई तत्कालै घरबाट नियन्त्रणमा लियो।
बलात्कारबाट पीडित बालिकाकी आमाले र बलात्कार प्रयासबाट पीडित किशोरीकी माइजूले ०७७ कात्तिक १० गते दिएको छुट्टा-छुट्टै उजुरी इलाका प्रहरी कार्यालय कञ्चनरुपमा दर्ता भएको थियो। आरोपित ज्ञानु २०७९ पुस १२ गतेदेखि पुर्पक्षका लागि राजविराज कारागारमा थुनामा छन्।

# कमलामाई मन्दिरको शिलान्यास

**मधेशदृष्टि**
**जनकपुरधाम।**
कमला अभियानका संयोजक विक्रम यादवले तरिया गाउँ नजिकैको कमला नदीको तुलसीचौरा घाटमा ५ वटा तुलसीको बिरुवा रोपेर मन्दिर शिलान्यास गरेका छन्।
सन्तोषी यादवको अध्यक्षतामा सम्पन्न कार्यक्रममा मेयर राम उदगार गोइत, वडा



नम्बर ४ का वडा अध्यक्ष पल्टु कबाडी, वडा ६ का वडा अध्यक्ष समसुल मियाँ, चन्देश्वर यादव, सुरेन्द्र यादव, देवा यादव, श्यामकुमार महतो, राजकिशोर सलहैता, रामकिशोर महतो लगायतको सहभागिता थियो। सन्तोषी यादवले ३ कठ्ठा र रामकिशोर यादवले ५ कठ्ठा जग्गा पर्यटकीयस्थलका लागि उपलब्ध गराएका छन्।

# चुरे तथा नदी प्रणाली बचाउन सहकार्य




**मधेशदृष्टि**
**बर्दिबास।**
चुरे तथा नदी प्रणाली संरक्षणका लागि सञ्चारकर्मी, सरकारी तथा सामुदायिक संस्थाबीच सहकार्य हुने भएको छ।
चुरे तथा नदी प्रणाली संरक्षण सरोकार समाजको महोत्तरीस्थित बर्दिवासमा आयोजित दुईदिने केन्द्रीय समिति बैठकपछिको उद्देश्यपत्र सार्वजनिक समारोहमा विषयगत क्षेत्रमा काम गर्ने संस्थाले एक्यबद्ध भएर अघि बढ्ने प्रतिबद्धता व्यक्त गरेका हुन्।
समाजद्वारा सार्वजनिक गरिएको प्रतिबद्धतापत्रमा अव्यवस्थित बसोबास, अनियोजित र अस्वाभाविक पूर्वाधार विकास, वनविनाश, वनपैदावारको अवैज्ञानिक दोहन, खेतीपाती, खोरिया फँडानी, पशुपालन आदि कारणले चुरे विनाश हुँदा पारिस्थितिकीय प्रणालीमा परेको प्रतिकूल असरप्रति सञ्चारकर्मी गम्भीर रहेको उल्लेख छ।
समाजका अध्यक्ष अनिलकुमार कर्णले चुरे तथा नदी प्रणाली अव्यवस्थित भएर उत्पन्न सङ्कटलाई आफूहरूले अत्यन्त नजिकबाट नियालिरहेको बताए। उनले भने, 'तराईमधेशको जीवनअस्तित्व नै समाप्त हुने गरी भइरहेको चुरेविनाश तथा चुरे भत्कँदाका परिणामस्वरूप खजमजिएको नदी प्रणालीका बारेमा हामी वकालत हुनेगरी निरन्तर लेख्ने कुरामा प्रस्ट छौं।'
प्रतिबद्धतापत्रमा चुरे तथा नदी प्रणालीका विषयमा विद्यमान ऐनकानुन, सरकारका नीति, कार्यक्रम, बजेट विनियोजन, कार्यान्वयन प्रक्रिया आदिलाई लिएर समाजले पहरेदारी गर्ने भनिएको छ।
कार्यक्रममा जिल्ला समन्वय समिति महोत्तरीका प्रमुख सुमनलाल कर्णले चुरे र नदी प्रणालीको तीव्र क्षयीकरणले गर्दा तराईमधेश मरुभूमिमा परिणत हुने बताउँदै विद्यमान कानुनको कडा कार्यान्वयनबाट चुरे तथा नदी दोहन गर्ने कार्यलाई नियन्त्रित गर्न सकिने बताए।
कार्यक्रममा चुरेविज्ञ नागदेव यादव, चुरे उत्थानशील परियोजना बर्दिवासका प्रमुख चुडामणि खतिबडा, मधेश प्रदेश वन निर्देशनालयका उपनिर्देशक सुजीतकुमार झा, सामुदायिक वन उपभोक्ता महासंघ मधेश प्रदेशका अध्यक्ष सोमप्रसाद शर्मा, कमला अभियानका अध्यक्ष विक्रम यादव, चुरे अभियन्ता केदारबहादुर कोइराला, वरिष्ठ पत्रकार गोपाल बराल, समाजकी उपाध्यक्ष रमिता नेपाल, कोषाध्यक्ष माधुरी महतोलगायतले चुरे र नदी प्रणाली संरक्षणका विषयमा सरकार तथा सरोकारवालालाई संवेदनशील बन्न आग्रह गरे।
कार्यक्रममा वरिष्ठ पत्रकार शिव अधिकारी एवम् संस्थाका पदाधिकारी तथा सदस्यलाई जिससका प्रमुख कर्णले सम्मान गरेका थिए।

# राष्ट्रपति पौडेललाई नागरिक अभिनन्दनको तयारी

**मधेशदृष्टि**
**जनकपुरधाम।**
राष्ट्रपति रामचन्द्र पौडेल जेठ ३१ गते जनकपुरधाम आउने निश्चित भएपछि स्वागतको नेपाली काँग्रेसका नेता विमलेन्द्र निधिलगायतकाहरु तयारीमा लागेका छन्।
नागरिकता विधेयक प्रमाणीकरण गरेपछि राष्ट्रपति पौडेल पहिलो पटक जनकपुरधाम आउन लागेका हुन्। यसका लागि शनिबार पूर्वमन्त्री तथा प्रतिनिधिसभा सदस्य विमलेन्द्र निधिको पहलमा सर्वदलीय बैठक बसेर विभिन्न निर्णयसमेत गरेका छन्।
जनकपुरधाम उपमहामनगरपालिकाद्वारा आयोजित सर्वदलीय बैठकमा सहभागिहरुले तिरहुतिया गाछीमा राष्ट्रपति पौडेललाई भव्य स्वागत तथा नागरिक अभिनन्दन गर्नुपर्ने प्रस्ताव राखेका छन्।
यस बैठकमा नेता निधिले राष्ट्रपति पौडेलले नागरिकता विधेयक प्रमाणिकरण गरेर मात्र जनकपुरधाम आउने अठोट लिएको र सोहीअनुरुप उनी जनकपुरधाम आउन लागेको दावी गरे। नागरिकता विधेयक प्रमाणीकरण गरेर नागरिकताविहीन लाखौं युवाहरुको समस्या समाधान गरि आउन लागेका उनको जनकपुरधामवासीले भव्य स्वागत गर्नुपर्ने उनले बताए।
प्रदेशसभा सदस्यद्वय रामसरोज यादव र दीपेन्द्र ठाकुरले राष्ट्रपति पौडेलको जनकपुरधाम भ्रमण सुखद रहेको र यसलाई भव्य एवम् व्यवस्थित बनाउन आफूहरु मधेश सरकारलाईसमेत यसमा सहभागी गराउन पहल गर्ने बताए।
यस बैठकबाट राष्ट्रपति पौडेललाई जानकी मन्दिरको दर्शन, पूजापाठ देखि तिरहुतिया गाछिमा हुने स्वागत तथा नागरिक अभिनन्दनका लागि तयारी गर्ने निर्णय भएको जनाइएको छ। जनकपुरधाम विमानस्थलदेखि जानकी मन्दिर र मन्दिरदेखि तिरहुतिया गाछिसम्म पुग्ने क्रममा सडकको दुवै छेउमा राष्ट्रिय झण्डासहित उभिएर नागरिक अभिन्दन गर्न सबै दलले कार्यकर्ता परिचालन गर्ने समेत निर्णय भएको छ।
यस बैठकमा जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोजकुमार साह, उपमेयर किशोरी साह, धनुषाका प्रमुख जिल्ला अधिकारी काशीराज दाहाल, उद्योग वाणिज्य संघ जनकपुरधामका अध्यक्ष जितेन्द्र महासेठलगायत विभिन्न दलका नेता कार्यकर्ताहरुको उपस्थिती रहेको थियो।

# जेठ २६ देखि तीन दिवसीय 'विमर्श'

**मधेशदृष्टि**
**जनकपुरधाम।**
मैथिली साहित्य तर्फ लामो समय देखि काम गर्दै आएका विमर्श फाउण्डेशनले जनकपुरधाममा तीन दिवसीय 'विमर्श' कार्यक्रम गर्ने भएको छ।
जेठ २६ देखि २८ गतेसम्म चल्ने विमर्श कार्यक्रममा मैथिली भाषा, संस्कृति, समाज, पर्यावरण र साहित्यमाथि नेपाल र भारतका विशिष्ठ व्यक्तिहरुले परिचर्चा गर्ने फाउण्डेशनका अध्यक्ष विभा झाले पत्रकार सम्मेलन मार्फत जानकारी दिइन्। शनिबार जनकपुरधाममा अध्यक्ष झाले विमर्श कार्यक्रम आफ्नो मनोकांक्षा रहेको भन्दै उनले मैथिली भाषा र साहित्यसँग आफ्नो प्रेम र सद्भाव सदैव रहेको बताइन्।
उनले मैथिली समाजका हरेक गतिविधिहरु दुनियाभर फैलाउन र समाजका गतिविधिहरु साँझ र पराती छुटिरहेको अवस्थामा त्यसलाई ज्वलन्त बनाउनु आफ्नो मुख्य उद्देश्य रहेको स्पष्ट पारिन्।
नेपोभिट टाइल्सका सञ्चालक शम्भुनाथ झाले जेठ २६ गते सन्ध्याकालबाट कार्यक्रमको शुरूवात गर्ने भन्दै उनले सुन्दर जनकपुरको बारेमा प्रथम विमर्शबाट देखिने दावी गरे। तीन दिवसीय विमर्श कार्यक्रममा जनकपुरधामक समृद्ध ऐतिहासिकता आ वर्तमान, कवि सम्मेलन, सांस्कृतिक संध्या, अतीतक आंगनमे भविष्यक अरिपन, मध्य-मैथिलीक सहायक क्रिया रुप, राजनीतिक अस्तित्व, मैथिली साहित्यक समकालीन परिदृश्य, मिथिलामे उद्योगक सम्भावना आ चुनौति, पुस्तक लोकार्पण आ परिचर्चा, मैथिलीक समकालीन कथा साहित्य आ नव पीढीक चुनौती, स्त्री विमर्श, जलाधार संरक्षण, समृद्ध मिथिलाक परिकल्पना आ नवतुरियाक भूमिका, दूनू पारक मिथिलाक लोकसम्बन्धक पुनरावलोकन, मैथिली साहित्यमे दलित चेतना, मैथिलीक दुनिया आ दुनियामे मैथिलीलगायतका शेसनहरु सञ्चालन गरिने कार्यक्रमका संयोजक विकास वत्सनातले बताए।
तीन दिवसीय विमर्शमा प्रा.डा. रामावतार यादव, विजय कुमार सिंह दनुवार, नागदेव यादव, उमाकान्त झा, रामभरोस कापडि, डा. कमल मोहन, डा. रमानन्द झा, डा. अरुणाभ सौरभ, बालमुकुन्द अजित आजाद, कथाकार अशोक, प्रदीप बिहारी, गंजन श्री, डा. तारानन्द वियोगी, डा. अशोक कुमार मेहता, नित्यानन्द मण्डल, रोशन जनकपुरी, डा. राजेन्द्र विमल, महेन्द्र मलंगिया, परमेश्वर कापडि, प्रेमलता मिश्र प्रेम, डा. भीमनाथ झा, सीके लाल, मंचला झा, रीता साह, मनिका झा, प्रियंका झा, कुमारी श्रेया, बिभा झा, करुणा झा, रुपा झा, खुशबु झा, मंजु यादव, संजु रानी मण्डल, विभा रानी, रंजु यादवलगायतका वक्ताहरुले आ-आफ्नो विचार व्यक्त गर्ने कार्य सूचिसमेत सार्वजनिक गरेका छन्।

# सगरमाथामै बिलाए...

छेउमै कठघेरामा सञ्चालन गरिएको रञ्जितको पानपसल छ । पान पसल बुवाले सम्हाल्दै आए पनि रञ्जितले बुवालाई सघाउँदै आएका थिए। उनी वर्षमा ११ महिना पान पसल चलाउँथे भने एकमहिना साइकल यात्रामा निस्कन्थे।
रञ्जितले जनकपुरधाम-पशुपति, जनकपुरधाम-हलेसी, जनकपुरधाम-अयोध्या, जनकपुरधाम-मुक्तिनाथ, जनकपुरधाम-पाथीभराको सैयौं किलोमिटर यात्रा गरिसकेका थिए। साइकलले नै धार्मिक यात्रा गरिसकेका रञ्जितलाई मधेशी, पहाडी, हिमाली मन जोड्न भए पनि सगरमाथा यात्रा गर्ने अन्तिम गन्तव्य बनाउन लम्किए। उनी साइकलबाटै सगरमाथा आधारशिविरसम्म पहिलो पटक पुगे। पछि सगरमाथा चढ्न विभिन्न ठाउँ धाए। उनी काठमाडौंस्थित पर्यटन विभाग पुगे। सगरमाथा चढ्ने प्रक्रियाबारे तत्कालीन विभागकी निर्देशक मीरा आचार्यसँग सम्पर्क गरे।
हिरो साइकल लिएर रञ्जित सगरमाथा आधारशिविर जाने तयारी गर्दै पातलो रेनकोट लगाएर प्लास्टिककै जुत्तामा २०७६ असोजमा सगरमाथा आधारशिविर र कालापत्थर पुगे। त्यहाँ पुगेपछि हिरो साइकलमा बसेर भन्दा पनि साइकललाई बोकेरै सगरमाथा चढ्ने सपना बुने। तर पछि उनी साइकल त्यहीँ छाडेर पैदल यात्रा तय गर्दै जनकपुरधाम फर्के।
आधारशिविर पुगेर फर्किएको एक महिनापछि २०७६ कात्तिक १२ गते भाइटीकाका दिन उनले ६ हजार ८ सय १२ मिटरको आमाडब्लम आरोहण गर्न भ्याए। निकै प्राविधिक मानिने आमाडब्लमको सफलतापूर्वक आरोहणपछि उनले पहिलो सफलता प्राप्तिसँगै सगरमाथा चढ्ने सपना बुन्न थाले।
त्यसपछि सगरमाथा आरोहणको तयारीमा जुटे। तर, विश्वव्यापीरुपमा फैलिएको कोरोना संक्रमणका कारण २०७७ को बसन्त ऋतुमा हिमाल आरोहणलगायतका गतिविधिसमेत ठप्प भयो। कोरोना संक्रमणको दोस्रो चरण सुरु हुनुअघि रञ्जित साइकल लिएर सगरमाथा जाने अनुमतिका लागि प्रयासरत रहे। सगरमाथा आरोहणमा साइकललाई कानुनले वर्जित गरेकाले उनले अनुमति पाएनन्।
सगरमाथा आरोहणका लागि जानेक्रममा विभिन्न अभ्यास र तालिम आवश्यक रहेको भन्दै साइकल यात्री युवा रञ्जितले आमाको गहना बेचेर आमाडब्लम जाने खर्च जुटाएको जनकपुरधाममा केही सञ्चारकर्मीसँगको कुराकानीमा भनेका थिए। उनी साइकल यात्रामा निस्कँदा मुलुकको झण्डा लिएर निस्कन्थे।
उनलाई आरोहणमा लैजाने कम्पनीले केही बढी शुल्क लिएको गुनासो पोखे पनि उनको लक्ष्य सगरमाथा चढ्ने थियो। कतैबाट सहयोग भए पनि जुटाउने र यात्रा सफल पार्ने चाहना उनीमा थियो। सगरमाथा आरोहणमा चाहिने खर्च जुटाउन रञ्जितले तत्कालीन प्रदेश नम्बर २ का मुख्यमन्त्री लालबाबु राउतसँग पनि सहयोग माग्न पुगेका थिए। तर त्यहाँ सोचेजस्तो सहयोग उनले पाएनन्। रञ्जित आफ्नो प्रदेशको नाम सगरमाथामा राख्न चाहन्थे। प्रदेश सरकारले उनले सोचजस्तो सहयोग गर्न सकेन।
यद्यपि रञ्जितको सगरमाथा चढ्ने सपना टुटेन। उनले सगोलमा रहेको तीनतले घर दाई वैद्यनाथको नाममा पास गरे। अंशमा परेको केही जमिन बेचेर २० लाख रुपैयाँ जुटाएर सगरमाथा यात्रा गरेका थिए। सगरमाथाको शिखर चुमेका भए सायद मधेश सरकार उनलाई 'मधेशको नाम रोशन गरेको' भन्दै अभिनन्दनमा हतारिन्थ्यो होला। अफसोस्, एउटा जुझारु, हिम्मतिलो मधेशी युवा सगरमाथाको ८ हजार ७ मिटर उचाइ अर्थात् चुचुरो भन्दा जम्मा १ सय ४८ मिटर तलै यस्तरी अस्ताएको खबर आयो कि उनको शवसमेत फेला पर्न मुस्किल छ। रञ्जितसँगै रञ्जितको सगरमाथा चढ्ने सपना पनि सगरमाथामै बिलाएको छ।

# सुपौलीमा निःशुल्क स्वास्थ्य शिविर

**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको जिराभवानी गाउँपालिका स्वास्थ्य शाखाको आयोजनामा सुपौली स्वास्थ्य चौकीमा प्रजनन स्वास्थ्यसम्बन्धी सेवाको निःशुल्क स्वास्थ्य शिविर भएको छ।
नारायणी अस्पतालकी चिकित्सक डा.निता महर्जन झा, स्वास्थ्यकर्मी गंगा पौडेल तथा जिराभवानी गाउँपालिकाका स्वास्थ्यकर्मी अजय कुमार दास थारु, सफकुल अन्सारी, राजकिशोर यादव, योगेन्द्र चौधरी, उमेश राठौर, आशा साहलगायतको सहभागितामा शिविर भएको थियो।
शिविरमा पाठेघरको मुखको क्यान्सरसम्बन्धी परीक्षण, आङ खस्ने महिलाको जाँच, स्तन क्यान्सर, बाझोपनजस्ता समस्याको परीक्षण तथा उपचार र परामर्श कार्यक्रम भएको छ।
जिराभवानी गाउँपालिकाका अध्यक्ष अनोज चौधरीले शिविरको उद्घाटन गरे। कार्यक्रम वडा अध्यक्ष राजेश्वर दास थारुको अध्यक्षतामा भएको हो।

# झालाई 'मनोज चौधरी स्मृति पत्रकारिता' पुरस्कार

**मधेशदृष्टि**
**रौतहट।**
राष्ट्रिय समाचार समिति (रासस) कार्यकारी अध्यक्ष तथा नेपाल पत्रकार महासङ्घका पूर्व अध्यक्ष धर्मेन्द्र झा 'मनोज चौधरी स्मृति पत्रकारिता पुरस्कार, २०८०'बाट सम्मानित भएका छन्। नेपाल पत्रकार महासङ्घ रौतहट शाखाले गरूडामा झालाई २५ हजार रुपैयाँ राशिको पुरस्कार वितरण गरेको छ।
कार्यक्रममा नेपाल पत्रकार महासङ्घका अध्यक्ष विपुल पोखरेल, न्यूनतम पारिश्रमिक निर्धारण समितिका अध्यक्ष सङ्गीता खड्का, गरूडा नगरपालिकाका प्रमुख



कन्थमनिप्रसाद जयसवाल, नेपाल पत्रकार महासङ्घ रौतहटका अध्यक्ष प्रेमचन्द्र झा र मनोज चौधरी स्मृति प्रतिष्ठानका अध्यक्ष एवम गरूडा नगरपालिकाका उपप्रमुख पुनम चौधरीले झालाई दोसल्ला ओढाइ सम्मान गरे।
मनोज चौधरीको सम्झनामा पत्नी पुनम चौधरीले पुरस्कारको स्थापना गरेकी हुन्। पुन गरुडा नगरपालिकाको उपप्रमुख हुन्।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | निःशूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझझा : | ०७:३० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## ----- राशिफल -----

**मेष - ARIES** चु,चे,चो,ला,लि,लु,ले,लो,अ
तपाईंलाई आजको दिन गुप्त बिद्या तथा ज्ञान प्राप्त होला, खानपान तथा मनोरञ्जनात्मक क्रियाकलापमा सहभागी भईएला।

**वृष- TAURUS** इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
वैदेशिक यात्रा तथा रोजगारको अवसर पनि प्राप्त होला।

**मिथुन - GEMINI** का,कि,कु,घ,ङ,छ,के,को,ह
आजको दिन तपाईंमा नयाँ नयाँ सोच र बिचारको उदय होला, साहित्यिक कार्य गरिएला।

**कर्कट - CANCER** हि,हु,हे,हो,डा,डि,डु,डे,डो
,कुनै पनि पद तथा नेतृत्व प्राप्त होला, तिर्थयात्रा पनि हुनसक्छ।

**सिंह - LEO** मा,मि,मु,मे,मो,टा,टि,टु,टे
आजको दिन तपाईंलाई उच्च पद प्राप्ति हुनसक्छ, कुनै पनि परिक्षामा उतिर्ण भईएला।

**कन्या - VIRGO** टो,प,पि,पु,ष,ण,ठ,पे,पो
विभिन्न प्रकारका उन्नति र प्रगतिले तपाईंलाई उत्साहित गराउला।

**तुला - LIBRA** र,रि,रु,रे,रो,ता,ति,तु,ते
तपाईं आजको दिन कुनै पनि मांगलिक सहभागी हुनुहुनेछ।

**वृश्चिक - SCORPIO** तो,ना,नि,नु,ने,नो,या,यि,यु
विभिन्न प्रकारका धन तथा सम्पत्तिको लाभ होला, आजको दिन पुजापाठमा सहभागी भईएला।

**धनु- SAGITTARIUS** ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आजको दिन विशेषरुपमा होशियार रहनुहोला, अनावश्यक खर्च तथा व्ययले मन खिन्न रहला।

**मकर - CAPRICORN** भो,ज,जि,खि,खु,खे,खो,गा,गि
मान तथा सम्मानमा हानि होला, आजको दिन भगवान गणेशको आराधना गर्नाले राम्रो हुन्छ।

**कुम्भ - AQUARIUS** गु,गे,गो,सा,सि,सु,से,सो,द
आजको दिन तपाईंमा निरोगिता तथा आरोग्यता आउला, बल बुद्धि तथा तेजमा वृद्धि होला।

**मीन - PISCES** दि,दु,थ,झ,ञ,दे,दो,च,चि
धनार्जनको योग हुनाको साथै तपाईंलाई देख्नेहरु मोहित होलान्।

# विद्यालयका लेखापाल शौचालयमा फेला



**मधेशदृष्टि**
**विराटनगर ।**
मोरङको सुन्दरहरैचा नगरपालिका स्थित विद्यालयको शौचालयमा लेखापाल जलिरहेको अवस्थामा फेला परेका छन् । शनिबार बिहान सुन्दरहरैँचा नगरपालिका वडा नम्बर २ स्थित मृगौलियास्थित श्री माध्यमिक विद्यालयका लेखापाल मनिल ढकाल शौचालयमा जलिरहेको अवस्थामा फेला परेका हुन् । जिल्ला प्रहरी कार्यालय मोरङका प्रवक्ता तथा प्रहरी नायव उपरीक्षक रञ्जनकुमार दाहालले मृगौलिया घर भएका ४० वर्षिय ढकाल विद्यालयकै शौचालयभित्र जलिरहेको अवस्थामा फेला परेको बताए । उनी बिहानै विद्यालय जान्छु भनेर घरबाट हिँडेको खुल्न आएको उनले बताए । आगोले शरीरका अधिकांश भाग जलेका कारण उनको स्वस्थ अवस्था गम्भिर रहेको उनले बताए । गम्भीर अवस्थाका ढकाललाई उपचारका लागि विराटनगर स्थित कोशी अस्पताल पुर्‍याइएको छ । यस घटनाको प्रारम्भिक अनुसन्धानका क्रममा उनने आफैँलाई आगो लगाएको देखिएको मोरङ प्रहरीले जनाएको छ ।

# धानको बीउ छर्न पाइएन



**रामजी यादव**
**पर्सा ।**
पानी नपर्नाले समयमा धानको बिउ छर्न नपाएर पर्साका किसान अन्योलमा परेका छन् ।
जेठको तेस्रो साता बित्दा पनि अत्याधिक गर्मी, तातो हावा र 'लु' का कारण जजीवन कष्टकर भएसँगै किसानले धानको बीउसमेत छर्न पाएका छैनन् ।
पर्साका ग्रामीण भेगका ८० प्रतिशत खेत बाँझो देखिन्न थालेका छ ।
धानको बीउ छर्न नपाएर किसान आकाशे पानीको पर्खाइमा छन् । धेरैजसो ठाउँमा सिचाइँ र नहरको सुविधा नहुँदा किसान आकाशे पानीको भरमा खेती गर्दै आइरहेका छन् । तर यसपालि धानको बीउ छर्ने समय कट्न लाग्दा पनि पानीको समस्याका कारण बीउ छर्न नसकिएको बहुदरमाई-३, पदमौलका हरिशचन्द्र यादवले बताए ।
धेरैजसो पर्साका किसान मन्सुली धानको बीउबिजन स्थानीय पालिकाले पचास प्रतिशत अनुदानमा दिए पनि कतिपयले पाउन नसकेकाले बीउबिजन महँगो मूल्यमा किनेर छर्न बाध्य छन् ।
पर्साका किसानलाई नहर र सिचाइँको उचित व्यवस्थापन नभएका कारण महँगो मूल्यमा खेतमा पानी लगाउनु परेको बहुदरमाई-६, गम्हरियाका शुभनारायण साहले बताए ।

## 'लू'बाट जोगिन सावधानी अपनाऔँ

**मधेशदृष्टि**
**वीरगंज ।**
मध्य तराईका विभिन्न ठाउँमा तातो हावासहित 'लू' चल्न थालेको छ । गर्मी बढेसँगै तापक्रम बढेर ४० डिग्रीभन्दा माथि पुग्ने र तातो हावा चल्न थालेपछि यसलाई 'लू' भनिन्छ ।
अहिले मधेश प्रदेशमा तापक्रम बढ्दोक्रममा रहेको जल तथा मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । तापक्रम उच्च भएका तराईका क्षेत्रमा अझै केही दिन पानी पर्ने सम्भावना छैन । उपत्यका तथा खोँचहरूमा समेत तापक्रम क्रमिकरुपमा बढ्दो रहेकाले सचेत रहन महाशाखाले अनुरोध गरेको छ । तातो हावा तथा 'लू' का कारण थकाइ लाग्ने, कमजोरी हुने, बढी तिर्खा लाग्ने, टाउको दुख्ने, खुट्टा बाउँडिने, चक्कर आउने, बेहोस हुने, मांसपेशी दुख्ने, बान्ता हुने गर्छ । 'लू' तथा गर्मीको समस्याबाट बच्न गर्मीको समयमा सकेसम्म बाहिर ननिस्कन, हल्का लुगा लगाउन, बाहिर निस्कनै परे टाउको छोप्न, टोपी लगाउन, पटकपटक पानी तथा जुस, सर्वतलगायतका झोलपदार्थ प्रशस्त मात्रामा पिउन र स्वास्थ्यमा समस्या भए तत्कालै स्वाथ्यकर्मीसँग सम्पर्क गर्न डाक्टरको सुझाव छ । 'लू' लाग्नुको प्रमुख कारण शरीरमा नुन र पानीको कमी हुनु हो ।

# जनताको गुनासो सुन्दै जनप्रतिनिधि



**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटको गौर नगरपालिकाले जनताको गुनासो सुन्न थालपछि निकै उत्साहित भएका छन् ।
जनताको गुनासो सुन्ने कार्यक्रम नियमित संचालन हुन थालेपछि स्थानीयहरुले आफ्ना गुनासा र समस्या पोखेर जनप्रतिनिधिहरुलाई सुनाउन पाउँदा निकै हर्षित देखिएका छन् । हरेक महिना फरक एक वडामा जनतासित प्रत्यक्ष कुराकानी गर्ने र सम्भव भएमा समस्या तत्काल समाधान गर्ने प्रभावकारी कार्यक्रमको गौर नगरपालिकाले संचालन गरिरहेको जनता दरबार कार्यक्रमप्रति सर्वसाधारणको आकर्षण बढेको हो ।
वडाका कार्यालयहरुको काम कारवाही तथा भइरहेका विकास निर्माणको बारेमा सर्वसाधारणले सोझै गुनासो गर्ने तथा प्रश्न गर्ने गरी बोलाइएको जनता दरबार कार्यक्रममा स्थानीयवासीले विकास निर्माणदेखि कार्यालयका बारेमा पनि विभिन्न गतिविधिसहितका सुझावहरु दिएका छन् ।
स्थानीय जनतालाई ध्यानमा राखेर काम गर्न थालेपछि स्थानीय सरकारको प्रत्याभूति दिलाउन जनता दरबार कार्यक्रमले निकै प्रभावकारी भएको मेयर शम्भु साहले बताए ।

# धम्क्याएर पैसा उठाउने पक्राउ

**मधेशदृष्टि**
**सर्लाही।**
सर्वसाधारणलाई धम्क्याएर पैसा असुली गर्ने आरोपमा एक जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ।
सर्लाहीको हरिवन नगरपालिका स्थित बजारमा दिउँसै खुलेआमरुपमा सर्वसाधारणलाई धाक धम्की दिदैँ पैसा असुल गर्ने महोत्तरीका उत्सव लामालाई प्रहरीले पक्राउ गरेको हो।
हरिवन बजारमा विभिन्न पसलहरुबाट



धाकधम्की दिई विभिन्न बहानामा पैसा असुली गर्ने महोत्तरीको गौशाला नगरपालिका वडा नम्बर ११ स्थित कान्छी बजारका २८ वर्षिय उत्सव लामालाई पक्राउ गरेको सर्लाही प्रहरीले जनाएको छ।
आरोपित लामाले धम्क्याएर पैसा असुलेको गुनासो आएको तथा सिसिटिभी फुटेजमा समेत आधारमा खोजतलास गर्दा सर्लाही प्रहरीले हरिवन नगरपालिका वडा नम्बर ११ स्थित राँगा बजारबाट पक्राउ गरेको जनाएको छ। घटनाको विषयमा थप अनुसन्धान भइरहेको सर्लाही प्रहरीका सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक कैलाश राईले जानकारी दिए।

# 'साढे ५७ लाखको सामानको बिलै छैन'



**मधेशदृष्टि**
**वीरगंज।**
बिल बिजक भन्दा बढी सामान लोड गरेको ट्रक वडा प्रहरी कार्यालय विर्ता वीरगंजले नियन्त्रणमा लिएको छ।
वीरगंजबाट वुटवल भैरहवा जाँदै गरेको ना ५ ख १८४५ नम्बरको ट्रकलाई वीरगंजको महावीरस्थानस्थित सडक खण्डबाट नियन्त्रणमा लिइएको वडा प्रहरी कार्यालय विर्ताका प्रहरी निरीक्षक विदुर प्रसाद सिवाकोटीले जानकारी दिए । ट्रकमा बिलबिजक भन्दा बढी मूल्यको अगरबत्ती, हार्डवेयर र कपडालगायतका अन्य सामानसमेत फेला परेको सिवाकोटीले बताए।
ट्रकमा लोड रहेको मालसामान ५७ लाख ४४ हजार ६ सय ९० रुपैयाँ बराबरको रहेको र ट्रकको अन्दाजी मूल्य २० लाख रुपैयाँ कायम गरी ट्रक र सामानसहित ७७ लाख ४४ हजार ६ सय ९० रुपैयाँ मूल्यांकन गरी आवश्यक कारबाहीका लागि राजश्व अनुसन्धान कार्यालय पथलैया, बारामा पठाइएको प्रहरी निरिक्षक सिवाकोटीले बताए।

# जलवायु परिवर्तन विज्ञमा सदा नियुक्त



**मधेशदृष्टि**
**वीरगंज ।**
वातावरण तथा जलवायु परिवर्तन विज्ञमा चन्देश्वर सदा नियुक्त भएका छन् । राष्ट्रपति तथा उपराष्ट्रपतिको पारिश्रमिक तथा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश ऐन २०७४ को दफा १३ बमोजिम राय परामर्श दिन वातावरण तथा जलवायु परिवर्तन पदमा सदा नियुक्त भएका हुन् ।
उपराष्ट्रपति रामसहाय प्रसाद यादवले सदालाई नियुक्ति पत्र हस्तान्तरण गरे । सदा सामाजिक अभियन्ताको रुपमा काम गर्दै नाम कमाएका चिरपरिचित व्यक्तित्व हुन् । उनी २०६९ माघ १२ गते पूर्व राष्ट्रपति रामवरण यादवमार्फत विभुषण अधिकारपत्र पाएका व्यक्ति हुन् ।

# महावाणिज्य दूतावासको साइकल ¥याली



**मधेशदृष्टि**
**वीरगंज।**
आजादीका अमृत महोत्सव तथा विश्व साइकल दिवसको उपलक्ष्यमा वीरगंजस्थित भारतीय महावाणिज्य दूतावासले साइकल ¥याली तथा वाकाथन गरेको छ।
महावाणिज्यदूत नितेश कुमारले झण्डा देखाउँदै साइकल ¥याली आरम्भ भएको थियो । २७ दशमलव ५ किलोमिटर लामो ¥यालीमा स्थानीय समाजका ५० जनाको सहभागिता थियो । पावरहाउस चोक-गण्डक-बाहारी बाइपास सडक-किरण आँखा अस्पताल-त्रिभुवन राजमार्ग-इनर बाइपास सडक-घण्टाघर-वाणिज्य दूतावास-पावरहाउस चोक हुँदै ¥याली पावरहाउस चोकबाट वाणिज्य दूतावासमा फर्केको थियो।

# सामुहिक अन्तर्जातीय रमैणी विवाह सम्पन्न



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
कबीर साहेबजीको प्रकट दिवसको उपलक्ष्यमा सतलोक आश्रम धनुषामा आयोजित तीन दिवसीय विशाल भन्डारा तथा अखण्ड पाठ कार्यक्रमको दोस्रो दिन शनिबार सामुहिक अन्तर्जातीय रमैणी विवाह भएको छ ।
सिरहाका प्रमुख जिल्ला अधिकारी भोजराज खतिवडा तथा धनुषाका प्रमुख जिल्ला अधिकारी काशीराज दाहालको उपस्थितिमा २५ नव जोडीको दाइजो तथा आडम्बरमुक्त सामुहिक अन्तर्जातीय रमैणी विवाह भएको हो । समाजलाई दाइजो प्रथारुपी राक्षसबाट छुटकारा दिलाउन सरकारले अर्बौं रकम खर्च गरेर पनि सफलता पाउन नसकेको दाइजोमुक्त समाज अभियान सन्त रामपालजी महाराजले बिना कुनै खर्च केवल आफ्नो आध्यात्मिक तत्वज्ञानले सफल पारिरहेको भन्दै दुवै जिल्लाका प्रमुख जिल्ला अधिकारीले प्रशंसा गरेका थिए । दाइजोमुक्त विवाहका साथै आश्रममा रक्तदान शिविर पनि गरिएको थियो । भारत, अमेरिका, बेलायत , अस्ट्रेलिया, क्यानडालगायतका देशबाट आएका सन्त रामपालजी महाराजका अनुयायीले रक्तदान गरेका थिए ।

डेंगी
सुरक्षित रहौं
रोकथाम गरौं
नियन्त्रण गरौं
डेंगी भाइरसको संक्रमणबाट बच्ने उपायहरु
डेंगी रोग डेंगी भाइरसबाट संक्रमित एडिज जातको लामखुट्टेको टोकाईबाट मात्र सर्दछ ।
थोरै मात्र पानी जम्मा भएको भाँडामा पनि यो लामखुट्टेले फुल पार्दछ र यसको वृद्धि विकास हुन्छ ।
डेंगीका मूख्य लक्षणहरु
उच्च ज्वरो आउनु
जोर्नी र मांशपेशीहरु बेस्सरी दुख्नु
आँखाको गेडी दुख्नु
बेस्सरी टाउको दुख्नु
शरीरमा राता बिमिराहरु आउनु
वाकवाकी लाग्नु वा वान्ता हुनु
डेंगीका लक्षणहरु देखिएमा के गर्ने ?
स्वास्थ्य संस्थामा गई चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिने ।
घरमै बसेर उपचार गर्ने सल्लाह दिएमा ज्वरो घटाउनका लागि र जीउ दुखेको कम गर्नको लागी प्यारासिटामोल बाहेक ब्रुफिन र एस्प्रिन जस्ता अन्य औषधीको सेवन नगर्ने ।
अस्पताल भर्ना हुन सल्लाह दिएमा तुरुन्त भर्ना हुने ।
( *चिकित्सकको सल्लाह नलिईकन कुनै पनि औषधी सेवन नगर्ने )
लामखुट्टेले फुल पार्न सक्ने संभावित घर भित्र र वरपरका पानी जमेको ठाँउहरु र पानी राख्ने भाडाँहरु खोजी खोजी सफा गरौं र लामखुट्टेको फुल नष्ट गरौं ।
पोखरीया नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पोखरीया, पर्सा, मधेश प्रदेश

तपाई नकारात्मक दिमागले सकारात्मक जिन्दगी बिताउनै सक्नुहुन्न।

- जोयस मेयर

## सम्पादकीय

# सखुवाप्रसौनीमा निर्लज्ज भ्रष्टाचार

जनताले चुनेर पठाएका जनप्रतिनिधिको काम हो जनताको सेवा गर्नु। हो, जनता विभक्त भएर मत दिँदा जित्नेको प्रतिशत ३३ प्रतिशत पनि हुन्न, ६६ प्रतिशत जनता अरु पार्टीमा भोट दिएकाले उनीहरु सधैँ प्रतिपक्षी हुन्छन्। भोट दिने ३३ प्रतिशत छेउछाउका जनता पनि विजयी भएपछि आफूले जिताएको जनप्रतिनिधिले कस्तो काम गर्छन् भनेर कुरेर बसेका हुन्छन्। सानो बदमासी फेला पर्दा पनि ओहो ! मौका पाउँदा त यस्तो पो गर्दोरहेछ, गलत रोजाइ परेछ, अब पाँच वर्ष त यसै जाने भयो, अर्को पाँच वर्षका लागि नयाँ अनुहार खोज्नु पर्ने भयो भनेर चासो लिइरहेका हुन्छन्। उसले राम्रो गरोस् भनेर शुभकामना दिइरहेका हुन्छन्, शुभेच्छा बाँडिरहेका हुन्छन्। तर जब मान्छे सत्तामा पुग्छ, त्यसपछि उसले गर्ने कर्म सधैँ परीक्षा हो। परीक्षामा जनप्रतिनिधि पास हुनै पर्छ। जितेको घमण्डमा बदमासी गर्न मिल्दैन। पर्साको सखुवाप्रसौनी गाउँपालिका, जहाँ ६ वटा वडा छन्। त्यहाँ विकासका नाममा जनप्रतिनिधिले गरेको बदमासीको हामीले शीर्षक नै स्पष्टसँग राखिदियौँ। बाँकी जनताको काम हो, बदमासी भयो कि राम्रो भयो भनेर छुट्याउने।

गाउँपालिका अध्यक्ष जसवन्त यादवले इन्धनका नाममा गरेको फजुल खर्चले कतै बदमासी भयो कि भन्ने संशय हो। उनले मंसिरजस्तो छोटो महिना र जेठ, साउनजस्तो लामो महिनामा गरेको इनधनको खर्चको बिल हेर्दा प्रशस्त शंका गर्ने ठाउँ छ। ६ वटा वडामा कति घुमघाम भएछ र त्यत्रो इन्धन खर्च हुन्छ? उसो त नातेदार र पार्टीका कार्यकर्तालाई जागिर खाने केन्द्र बइनाएको छ पालिकालाई। यो काममा आफ्नै सालीलाई रोजगार सहायक बनाएर पालिकाका प्रमुख प्रशासकीय अधिकृत देवनाथ साहले पनि साथ दिएका छन्। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अध्यक्ष यादवले किनेको एसी, फर्निचरको कागजपत्र लगेको छ। एउटै मितिमा सूचना लुकाएर, गोप्य सूचना छापेर उनले गरेको बदमासी बाहिर ल्याएका हौँ। कुनै आग्रह, पूर्वाग्रह, रिस कुण्ठा पोख्नु पर्ने कारण नै छैन। मधेशमा १ सय ३६ स्थानीय तह छन्। एउटा ६ वटा वडा भएको पालिकाका अध्यक्षप्रति पूर्वाग्रह राखेर केही लेखिरहन जरुरी हुँदैन पनि।

हामीले सप्रमाण केही तथ्य बाहिर ल्याएका हौँ। पालिकाले गरेको बदमासीको मूली अर्थात् प्रमुख व्यक्ति गाउँपालिका अध्यक्ष नै हुन्छ। उनले नचाहेसम्म कुनै बिल पास हुँदैन। कुनै सूचना लुकाउन सकिन्न। कर्मचारीले अध्यक्षको इशाराविना कुनै काम गर्नै सक्दैनन्। यो जानिसुनी, देखिजानी आएको कुरा हो। अब अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नै वैशाख ३१ गते गाउँपालिकामा भए गरेका काममा भ्रष्टाचारको गन्ध आएको भनेर उजुरी परेकाले तपसिल बमोजिमका कामका फाइल र कागजात पठाइदिनू भनेर लेखेको लामो पत्रलाई पनि उनी झूट मान्छन् भने, आफू सफेद चरित्रवान ठान्छन् भने लागेका आरोपलाई झूठो हो भनेर पुष्टि गर्नु उनकै दायित्व हो। अख्तियारबाट क्लिन चिट पाउन् हामीलाई केही भन्नु छैन। तर उनले शीर्षक मिलाएर गरेको भ्रष्टाचारका नालिबेलीले भन्छन्, बिल मिलाएर भ्रष्टाचारको प्रयास भएको छ। कयौँ सूचना लुकाएर भ्रष्टाचार भएको छ। कुनै विषय उठेपछि त्यसलाई सफाइ दिने काम उनै जनप्रतिनिधिकै हो, गहवामाइको र फेसबुकको होइन।

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौँ। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला। लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौँ। हाम्रो इमेल ठेगाना हो: madheshdristi@gmail.com

# जलवायु परिवर्तनले निम्त्याएको चुनौतीमा स्थानीय तहको भूमिका



• राजेश झा

पछिल्लो केही दिनदेखि तापक्रममा अत्यधिक वृद्धि भएको छ। दिनहुँ बढ्दो तापक्रमका कारण जनजीवन प्रभावित बनेको छ। अत्यधिक गर्मीका कारण विद्यालय केहीदिनका लागि बन्द गरिएको छ। पछिल्लो केही दिनदेखि मधेशमा बढ्दै गएको तापक्रम पछिल्लो वर्षहरुको तुलनामा अत्यधिक हो। कार्बन उत्सर्जन बढिरहेका कारणले विश्वको तापमान तीव्र गतिमा बढिरहेको छ। वैज्ञानिकहरुका अनुसार विश्वमा छैठौँ महाविनाश यही हानिकारक ग्यासले गर्दा नै हुनेछ। जलवायु परिवर्तनको हिसाबले नेपाल अति प्रभावित मुलुकमध्ये चौथो स्थानमा छ। जुन अत्यन्तै जोखिमपूर्ण हो। जलवायु परिवर्तनको भयानकता बढ्दै जाँदा विश्व समुदाय चुपचाप बसेको भने छैन। कार्बन उत्सर्जन न्यूनिकरण तथा जलवायु परिवर्तन अनुकूलनलगायतका विषयमा विभिन्न प्रयास भइरहेका छन् र यो मामिलामा युरोपेली मुलुक अन्य विकसित मुलुक भन्दा जिम्मेवार तथा गम्भीर देखिन्छन्।

२०७८ कात्तिकको पहिलो साता लगातार तीनदिनसम्म मुसलधारे वर्षा भयो। वर्षाका कारण आएको बाढीले भित्र्याउन ठिक्क पारिएका धान तथा भित्र्याउने तरखरमा रहेको धान पूर्ण रुपले नष्ट भयो। किसानले अर्बौं रुपैयाँ बराबरको क्षति बेहोर्नुपऱ्यो। जलवायु परिवर्तनको असरको रुपमा वर्षालाई विज्ञहरुले लिए। बाढी, पहिरो तथा भूकम्पजस्ता प्राकृतिक प्रकोपबाट नेपाल उच्च जोखिममा छ। भूकम्पको जोखिमको हिसाबले नेपाल ११ औँ स्थानमा छ भने मिश्रित विपद्को जोखिमका सन्दर्भमा १६ औँ स्थानमा छ। इन्डियन र युरासियन प्लेटको भूभाग माथि नेपाल अवस्थित छ। यी दुई प्लेट एकआपसमा ठोक्किने गरिएका कारण ठूला भूकम्प बारम्बार गइरहन्छन्। पश्चिम नेपाल त भूकम्पको उच्च जोखिममा रहेको विज्ञहरुको कथन छ।

जलवायु परिवर्तनको दृष्टिकोणले नेपाल सर्वोच्च जोखिममा रहेको मुलुकमा पर्दछ। नेपाल जलवायु परिवर्तनका असरबाट पनि उच्चजोखिममा छ र यहाँ तापक्रम बढ्दै जानुको साथै वर्षा पनि अनियमित हुने गरेको छ। जलवायु परिवर्तनका कारण खडेरी, बाढी तथा प्रतिकुल मौसम आइपर्नु जस्ता प्राकृतिक प्रकोपको सम्भावना बढ्दै गएको छ। जसको फलस्वरुप महामारी र सुख्खापन फैलिनुका साथै समुदायको जनजीवन र कृषि उत्पादनमा प्रतिकुल असर परिरहेको छ। जलवायु परिवर्तनले सबै क्षेत्रमा असर पार्ने भए पनि विपद्को अवस्थामा बालबालिका सबैभन्दा बढी जोखिममा पर्दछन्। यस्ता प्रकोपले बालबालिकालाई शारीरिक र मानसिक जोखिम पार्नुका साथै वयस्कमा भन्दा उनीहरुमा असर लामो समयसम्म रहन्छ। २०७२ वैशाख १२ गते र त्यसपछिको भूकम्पमा ८ हजार ९ सय भन्दा बढीको ज्यान गएको थियो। त्यसमा ३३ प्रतिशत बालबालिका रहेको गृह मन्त्रालयको तथ्यांकले बताउँछ। विगत २५ वर्षमा देशका ८६ प्रतिशत भन्दा बढी घरधुरीले कुनै न कुनै प्रकारले खडेरीको सामना गर्नुपरेको बताइन्छ।

बाढी र पहिरो जस्ता सम्बन्धित जोखिम विद्यमान उच्च गरिबी र खानेपानी तथा सरसफाइ जस्ता अत्यावश्यक सेवाको पहुँचसँग मिसिन जान्छ। मधेश प्रदेशले कैयौँपटक खडेरी र बाढीको सामना गरिसकेको छ। जलवायु परिवर्तनले सर्वव्यापी चुनौती खडा गर्ने भए पनि यसको सामनाका लागि बालबालिका र जोखिममा रहेका परिवार तथा समुदायमाथि विशेष ध्यान दिनु अत्यन्तै जरूरी हुन्छ।

विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन तथा राष्ट्रिय विपद् जोखिम न्यूनिकरण नीति तथा रणनीतिक कार्य योजनाले पनि जलवायु परिवर्तनलाई ध्यानमा राखेर कार्य गर्नुपर्ने व्यवस्था गरेको छ। यी दस्तावेजहरु विपद् जोखिम न्यूनिकरणसम्बन्धी सेन्डाई फ्रेमवर्कको देशव्यापी कार्यान्वयन नेपालको लागि मार्गनिर्देशक बन्नेछ। स्थानीय विपद् तथा जलवायु प्रतिरक्षा योजना, राष्ट्रिय अनुकुलन कार्यक्रम र स्थानीय अनुकुलन योजनाको विकास तथा कार्यान्वयनका लागि स्थानीय सरकारले पहल गर्नुपर्ने आवश्यकता छ र यसमा विभिन्न विकास साझेदार संघसंस्थाले सहयोग गरिरहेको पनि छ। विपद् तथा जलवायु जोखिम मूल्यांकन र बालबालिकामाथिको जोखिमका साथै बालबालिकाका विशेष आवश्यकताको महत्वलाई जोड दिन बालबालिका केन्द्रित विपद् जोखिम न्यूनिकरण कार्यक्रम प्रवर्द्धन गर्नु आवश्यक छ।

नेपालमा बाढी, पहिरो र डुबान तथा आगलागीजस्ता जलवायुजन्य जोखिमको संकट हरेक वर्ष बढ्दो छ। जलवायु परिवर्तनको संकटको बढ्दो प्रकृति र प्रभावलाई हेरेर वैज्ञानिकहरू जलवायु परिवर्तन नभनेर जलवायु संकट भन्नुपर्ने जिकिर गर्दै आएको चुरे तराई मधेश संरक्षण विकास समितिका सदस्य सचिव महेश्वर ढकालको कथन छ। जलवायु परिवर्तनका कारण सरकारले उत्पादनशील कार्यक्रम र विकास निर्माणमा खर्च गर्नुपर्ने बजेट बढ्दो विपद् व्यवस्थापनमा खर्च गर्नुपर्दा रोजगारीका अवसर र आम्दानीका स्रोतमा संकुचन आएको ढकाल बताउँछन्।

गृह मन्त्रालयले प्रकाशन गरेको राष्ट्रिय विपद् प्रतिवेदन सन् २०१९ का अनुसार बाढी, पहिरो, चट्याङ, आगलागी, शीतलहरलगायतका जलवायुजन्य विपद्का कारण सन् २०१७ र २०१८ मात्र ९ सय ६८ मानिसले ज्यान गुमाए। तत्कालीन जनसंख्या तथा वातावरण मन्त्रालयको एक अध्ययनअनुसार नेपालको कुल ग्रार्हस्थ्य उत्पादनको करिब डेढदेखि दुई प्रतिशतसम्म हानिनोक्सानी जलवायुजन्य विपद्का कारण हरेक वर्ष हुने गरेको छ। यो क्रम पछिल्ला वर्षमा बढ्दै गएको छ।

अहिले हिमाल सबैभन्दा बढी खतरामा छ। बढ्दो तापक्रमका कारण हिमाली भेगका हिउँ पग्लिने क्रम बढ्दो छ। हिमनदीको क्षेत्रफल पछिल्लो ३० वर्षमा २४ प्रतिशतले घटेको अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र(इसिमोड) को अध्ययनले देखाएको छ। तापक्रम वृद्धिले औसत वर्षाको परिमाण मध्यमकालमा दुईदेखि छ प्रतिशत अनि दीर्घकालमा आठदेखि १२ प्रतिशतले बढ्ने वन तथा वातावरण मन्त्रालय तथा इसिमोडको अध्ययनले देखाएको छ। विश्वव्यापी जलवायुसम्बन्धी पेरिस सम्झौताबमोजिम सबै देशले तापक्रम वृद्धिलाई नियन्त्रण गरेर डेढ डिग्रीमा सीमित गर्दा पनि त्यसको असर हिमाली क्षेत्रमा डरलाग्दो पर्ने जलवायु परिवर्तनका जानकारहरु बताउँछन्। अहिले नै विश्व तापक्रम १ दशमलव १ डिग्रीले बढिसक्यो। त्यसलाई १ दशमलव ५ डिग्रीमा सीमित पार्दा पनि हिमाली क्षेत्रको एकतिहाइ हिउँ पग्लिने इसिमोडको अध्ययनले देखाएको छ।

आपिसिसीले प्रकाशन गरेका तीनवटा विशेष प्रतिवेदन र छैठौँ प्रतिवेदनका पहिलो र दोस्रो कार्यसमूहको प्रतिवेदनले जलवायु परिवर्तनको असरका कारण मानवीय र वातावारणीय पद्धतिमा नै खलबल ल्याउने परिकल्पना गरेको छ। त्यसमा सबै राष्ट्र संवेदनशील हुन जरुरी भइसकेको छ। पेरिस सम्झौताअनुसार पृथ्वीको तापक्रम १ दशमलव ५ डिग्री सेल्सियसमा सीमित राख्ने भनिएको छ। तर विगत २० वर्षमै पृथ्वीको तापक्रम १ दशमलव १ डिग्री सेल्सियसले बढेको तथ्यले सम्पूर्ण मानव समुदायलाई झस्काएको अवस्था छ।

पछिल्लो तथ्यांकअनुसार छिमेकी राष्ट्र चीन र भारत विश्वमै अत्यधिक हरितगृह ग्यास उत्सर्जन गर्ने पहिलो र तेस्रो राष्ट्र हुन्। चीन र भारतको जनसंख्या पनि विश्वमा धेरै जनसंख्या हुने पहिलो र दोस्रो सूचीमा छ। धेरै जनसंख्या हुने राष्ट्रले उद्योगधन्दामार्फत वस्तु र सेवाको उत्पादन र उपभोग पनि धेरै गर्नाले त्यसको सिधा सम्बन्ध हरितगृह ग्यास उत्सर्जनसँग हुनेगर्छ। चीन र भारतले गरेको हरितगृह ग्यास उत्सर्जनको प्रत्यक्ष नकारात्मक असर हिन्दूकुश हिमाल क्षेत्र मुख्यगरी नेपालका उच्च हिमाली क्षेत्रमा निश्चित छ।

सम्भावित जलवायुजन्य विपद्बाट हिमाल बचाउन पाइला चालिएन भने भविष्यमा त्यसबाट बच्न झन् ठूलो मूल्य चुकाउनुपर्ने हुन्छ। जलवायुजन्य संकटबाट बच्न भौतिक विकास र प्राकृतिक वातावरणबीचको अन्तरसम्बन्धलाई पनि सन्तुलितरूपमा बुझ्नुपर्ने हुन्छ। वातावरणीय प्रभाव अध्ययनविनाको भौतिक विकास जलवायुजन्य जोखिमलाई निम्त्याउने गरेको छ। तर, देशमा वातावरणीय अध्ययन र यसले औँल्याएका विकल्प र प्रभाव न्यूनिकरणका उपाय कार्यान्वयन गर्ने विषयलाई एउटा झन्झटका रूपमा लिने प्रवृत्ति छ। विकास निर्माण गर्ने निकाय र निजीक्षेत्रले वातावरण संरक्षणमा इमानदारिता देखाउन सकेको छैन। त्यसको मार जनताको जीविकोपार्जन र समग्र राष्ट्रिय अर्थतन्त्रमा परेको छ।

जलवायु परिवर्तनले ल्याउने अर्को संकट भनेको खाद्य सुरक्षा हो। अहिले पनि नेपाल खाद्यान्नमा आत्मनिर्भर छैन। ठूलो मात्रामा भारत र अन्य मुलुकबाट मिसावटयुक्त खाद्यान्न आयात भइरहेको छ। विप्रेषणबाट आएको पैसा विदेशी खाद्यान्न आयातमा खर्च हुँदा अर्थतन्त्रमा पर्ने नकारात्मक असर बहुआयामिक छ। नेपालको हकमा यसले वर्षाको प्रवृत्तिमा व्यापक फेरबदल, हिमताल विस्फोटन, अनपेक्षित विपद्लगायतका असर पर्ने जसले गर्दा खाद्य उत्पादन, जलस्रोत व्यवस्थापन तथा जनजीविकामा प्रभाव पर्ने बताइन्छ।

जलवायु परिवर्तनको संकटबाट बच्न र दिगो विकासको लक्ष्यसँगै आर्थिक समृद्धि हासिल गर्ने हो भने जलवायु परिवर्तनलाई एउटा अवसर ठान्नुपर्ने विज्ञहरुको कथन छ। विश्वले कबुल गरेबमोजिम नै तापक्रम वृद्धिको गति घटाउन सके पनि हिमाली देशका निम्ति त्यो अपर्याप्त हुनसक्छ। सरकारले राष्ट्रसङ्घलाई दिएको दस्तावेजमा नेपालले विश्वव्यापी तापक्रम वृद्धि रोक्ने दिशामा हरितगृह ग्यास उत्सर्जन कटौती गर्नै शून्य कार्बन उत्सर्जनको लक्ष्य सन् २०५० सम्म भेट्ने जनाएको छ।

पन्ध्रौँ योजना (२०७६-०८१) मा जलवायु परिवर्तनमा जलवायु उत्थानशील समाजको निर्माण सोच, जलवायु परिवर्तन अनुकूलन क्षमता अभिवृद्धि तथा प्रतिकूल प्रभावको न्यूनिकरणबाट दिगो समाज निर्माणमा योगदान गर्ने लक्ष्य तथा जलवायु परिवर्तनको प्रतिकूल प्रभावबाट पेरिस सम्झौताअनुरूप न्यूनिकरण गर्दै अनुकूलन क्षमताको अभिवृद्धि गर्नु, जलवायु परिवर्तन न्यूनिकरणका लागि वातावरणमैत्री स्वच्छ ऊर्जा र हरित विकास अवधारणा कार्यान्वयन गर्ने जलवायु परिवर्तन न्यूनिकरणका लागि वातावरणमैत्री स्वच्छ ऊर्जा र हरित विकास अवधारणा कार्यान्वयन गर्ने उद्देश्य राखिएको छ।

उद्देश्य पूरा गर्न जलवायु परिवर्तन व्यवस्थापनका लागि संघ, प्रदेश र स्थानीय तहमा आवश्यक नीतिगत र संस्थागत संरचनामा सुधार एवम् क्षमता अभिवृद्धि, समुदायको संकटासन्नता घटाई समयानुकूलित तुल्याउन राष्ट्रिय, प्रादेशिक एवम् स्थानीय अनुकूलन योजना कार्यान्वयन गर्नु आवश्यक छ। जलवायु परिवर्तन न्यूनिकरणका लागि हरित विकासको अवधारणा अवलम्बन, स्वच्छ ऊर्जा प्रवर्द्धन, जलवायु वित्तमा सहज पहुँचका लागि अन्तर्राष्ट्रियस्तरमा पैरवी गर्दै सम्भावित लाभलाई प्रदेश, स्थानीय तह र समुदायसम्म पुऱ्याउन जलवायु परिवर्तनका क्षेत्रमा अध्ययन अनुसन्धान तथा क्षमता विकासका कार्य गर्ने रणनीति अवलम्बन गरिएको छ।

नेपालमा जलवायु परिवर्तनलाई सधैँ चुनौतीका रूपमा मात्र नलिइ यसलाई एउटा अवसरको रुपमा पनि लिनुपर्दछ। निजीक्षेत्र र युवापिँढीलाई जलवायु परिवर्तनतर्फ आकर्षण गर्नु आवश्यक छ। भनिन्छ, बालबालिका परिवर्तनका संवाहक हुन्। बालबालिकाले कुनै कुराबारे जानकारी हासिल गरे उनीहरुले साथीभाइ तथा घरपरिवारका सदस्यलाई समेत बताउछन्। बालबालिकामार्फत विपद्जन्य घटनाबाट जोगिन सन्देश प्रवाह गर्दा प्रभावकारी हुने गरेको छ। यसका लागि विगतमा युनिसेफको सहयोगमा सञ्चालन गरिएको बालकेन्द्रित विपद् जोखिम न्यूनिकरण कार्यक्रमले ल्याएको नतिजा हेर्दा स्पष्ट हुन्छ। विगतमा बालबालिकामार्फत विपद् र यसबाट हुनसक्ने जोखिम तथा असरबारे सचेतनामूलक कार्यक्रम अत्यन्तै प्रभावकारी भएको कतिपय उदाहरण छन्।

जलवायु परिवर्तन, यसका असर र यसबाट जोगिन अवलम्बन गर्नुपर्ने उपायबारे समुदायलाई सचेत गराउनु आवश्यक छ। यसका लागि बालबालिकालाई परिचालन गर्नसके उपयोगी हुने देखिन्छ। बालअधिकार महासन्धीले पनि बालबालिकालाई संगठित हुने अधिकार दिएको छ। जसअन्तर्गत सबै पालिका तथा विद्यालयमा बालक्लब गठन गरिएको छ। बालक्लबका सदस्यको क्षमता विकास गरी उनीलाई परिचालन गर्न जरुरी देखिन्छ। जलवायु परिवर्तनसम्बन्धी सन्देश प्रवाह गर्न बालबालिका भरपर्दा र विश्वासिलो माध्यम हुनसक्छ। समुदायमा आधारित र विद्यालयमा आधारित बालक्लबका सदस्यको क्षमता विकास गर्नु आवश्यक छ। विद्यालयको माध्यमबाट जलवायुजन्य प्रकोपबारे समुदायलाई समेत सचेत गराउन सकिन्छ।

आगामी आर्थिक वर्षका लागि योजना तर्जुमा गर्ने प्रक्रिया सबै पालिकामा सञ्चालन भएको अवस्था छ। योजना तर्जुमाको चरणमा जलवायु परिवर्तनका कारण समुदायले झेलिरहेको समस्यालाई सम्बोधन गरी तत् अनुसारको समाधानका उपाय पहिल्याउनु जरुरी छ। ती समाधानका उपायलाई स्थानीय तहको योजनामा समावेश गरी कार्यक्रम कार्यान्वयन गर्नु आवश्यक छ। विपद् व्यवस्थापन तीनै तहको सरकारको साझा कार्य भए पनि स्थानीय तह सबैभन्दा बढी जिम्मेवार हुन्। स्थानीय तहमार्फत जलवायुजन्य प्रकोपको सामना गर्न योजना तर्जुमा हुनु पनि त्यतिकै जरुरी छ। सन् २०३० सम्म दिगो विकास लक्ष्य हासिल गर्नुपर्ने भनी सरकारले प्रतिबद्धता जनाएको छ। प्रतिबद्धता पूरा गर्न स्थानीय तहको महत्वपूर्ण भूमिका हुनेछ।

स्थानीय तहले सघनरुपमा वृक्षारोपण अभियान, विद्यालयमा करेसाबारी, पोखरी जिर्णोद्धार तथा संरक्षण, माछापालन, पोखरी निर्माण गरी जीविकोपार्जनमा विविधीकरण, पानीको पुनःप्रयोग गर्ने नीति बनाउनुपर्ने योजनालाई प्राथमिकतामा राख्न जरुरी छ। यस्तै, विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन तथा राष्ट्रिय विपद् जोखिम न्यूनिकरण नीति तथा रणनीतिक कार्ययोजनाले पनि जलवायु परिवर्तनलाई ध्यानमा राखेर कार्य गर्नुपर्ने व्यवस्था गरेको छ। यी दस्तावेज विपद् जोखिम न्यूनिकरणसम्बन्धी सेन्डाइ फ्रेमवर्कलाई स्थानीय तहले मार्गनिर्देशकका रुपमा लिन जरुरी छ। स्थानीय विपद् तथा जलवायु प्रतिरक्षा योजना, राष्ट्रिय अनुकुलन कार्यक्रम र स्थानीय अनुकुलन योजनाको विकास तथा प्रभावकारी कार्यान्वयनका लागि स्थानीय सरकारले इमानदार पहल गर्न आवश्यक छ।

(झा, तिलाठी कोइलाडी गाउँपालिका सप्तरीका विपद् व्यवस्थापन अधिकृत हुन्)

# भारु नोट सटहीमा सकस



**रासस**
**झापा ।**

पूर्वीनाका काँकडभिट्टामा भारु नोट टहीमा समस्या देखिएको छ । भारु दुई हजारका नोट फिर्ता लिने भारत सरकारको निर्णयलगत्तै सटहीमा समस्या देखिन थालेको हो ।

एक साताअघि भारतको केन्द्रीय बैंकले भारु दुई हजारका नोट फिर्ता लिने घोषणा गरेको थियो । त्यसलगत्तै सीमावर्ती नेपाली बजारमा साना दरका भारु नोटको प्रचलनसमेत ह्वात्तै घटेको छ भने यातायात तथा पेट्रोलियम व्यवसायीले भारु नोटमा भुक्तानी लिन छाडेका छन् । पूर्वमेची बस व्यवसायी प्रालिका अध्यक्ष विष्णुकुमार श्रेष्ठले काँकडभिट्टामा भारुको कारोबार हुन छाडेको र मनी एक्सचेञ्जरले पनि भारु साट्दा अतिरिक्त कमिसन असुल्न थालेको बताए ।

उनले भारु एक लाख सटही गर्दा चार हजार रुपैयाँ कमिसन दिनुपरेको दावी गरे । उनले काँकडभिट्टाबाट छुट्ने लामो तथा छोटो दूरीको यातायात सेवा प्रदान गर्दै आएका भाडाका बस, माइक्रो तथा साना गाडीमा ‘भाडा तिर्दा भारु नोट नदिनुहोला’ भन्ने सूचना टाँस्न सुरु भइसकेको जानकारी दिए । स्थानीय पेट्रोल पम्पमा पनि भारु नोटमा भुक्तानी नलिइने सूचना टाँसिएको छ ।

काँकडभिट्टा, भद्रपुर, गौरीगञ्ज, केचना, बाहुनडाँगीलगायतका सीमानाका र बजारमा विगतमा जस्तो भारुमा लेनदेन अब हुन छाडेको छ । नेपाली व्यवसायीले सेवा तथा वस्तुको भुक्तानी लिँदा र दिँदा भारु नोट लिन छाडेका छन् । भारतबाट लुकीछिपी ठूलो मात्रामा भारुका नोट नेपाल भित्रिएको र नेपाली बजार चर्को आर्थिकमन्दीको मारमा रहेको कारण बिक्री घट्दा बजारमा भारुको सटहीमा समस्या उत्पन्न भएको सटहीको अनुमति प्राप्त मनी एक्सचेन्जर व्यवसायी बताउँछन् ।

मेची मनी एक्सचेन्जर व्यवसायी सङ्घका अध्यक्ष विष्णु मैनालीले बजारमा भारु नोट छ्याप्छ्याप्ती भएको जनाउँदै सटहीका लागि व्यवसायीसँग पर्याप्त नेपाली रुपैयाँ नभएको बताए । ‘भारु सटही हुनछाडेको भन्ने हल्ला मैले पनि सुनेको छु, तथापि सटही नै बन्द भएको वा भारु चल्नै छाडेको भन्ने कुरा सत्य होइन’, सङ्घका अध्यक्ष मैनालीले भने, ‘बोर्डरमा जोसँग पनि भारु नोट हुन्छ । नेपालमा व्यवसाय मन्दीका कारण ठप्पजस्तै छ ।

यस्तो बेला भारु किन्न आउने कोही छैनन् । भारु बेच्ने धेरै भए, किन्ने नहुँदा समस्या देखिएको मात्र हो ।’

उनले काँकडभिट्टामै ३२ वटा अनुमतिप्राप्त मनी एक्सचेञ्जर व्यवसायी भएको जनाउँदै नेपाल राष्ट्र बैंकले तोकेको सटही दरभन्दा तलमाथि गरेर कसैले पनि कारोबार गर्न नहुने बताए । आर्थिकमन्दीका कारण मनी एक्सचेन्जर व्यवसाय सङ्कटबाट गुज्रिरहेको र कतिपय व्यवसायी पलायनको अवस्थामा पुगिसकेको अध्यक्ष मैनालीले बताए । भारु नोट सटहीमा कठिनाइ हुँदा भारतमा रोजगार गरेर फर्कने नेपाली सीमा क्षेत्रमा सकसमा परेका छन् ।

भारतको सिलगुडी, सिक्किम, मेघालय, मुम्बई, कोलकाता, केरला र चेन्नईमा रोजगारी गर्ने नेपाली काँकडभिट्टा नाका भएर स्वदेश फर्किने गर्छन् । मेघालयबाट फर्केका दैलेख दुल्लुक किसनकुमार शाहीले एउटा होटलको सहयोगमा प्रतिहजार ४० रुपैयाँका दरले ‘बट्टा’ दिएर मनी एक्सचेञ्जरबाट मुस्किलले भारु सटही गरेको बताए ।

भारतको आसाम, पश्चिम बङ्गाल, सिक्किम र विहारबाट झापाको आँखा अस्पतालमा ठूलो सङ्ख्यामा आउने भारतीयले उपचार खर्च भारुमै दिँदै आएका छन् । काँकडभिट्टा क्षेत्रमा क्यासिनो व्यवसायमार्फत पनि ठूलो मात्रामा भारु नोट नेपाल भित्रिने गरेको छ ।

# लगानी र बजार माग बढ्नेमा परिसङ्घको आशङ्का



> “‘वातावरणीय प्रभाव मूल्याङ्कन प्रस्ताव पेस भएको ३० दिनभित्र निर्णय दिनुपर्ने, कटान गर्ने रुखमा १० प्रतिशतसम्म फरक भए पनि पुनःस्वीकृति लिनु नपर्ने, वन क्षेत्रको प्रयोग र रुख कटानीको स्वीकृति एकैपटक दिने, स्वीकृति प्राप्त भएको १५ दिनभित्र रुख कटानको आदेश दिनुपर्ने व्यवस्थाले परियोजनाको लागत बढ्न नदिने मात्र नभई समयमै परियोजना सम्पन्न गर्नसमेत मद्दत गर्ने हाम्रो विश्वास छ’,”

**रासस**
**काठमाडौँ ।**

सरकारले आगामी आर्थिक वर्ष २०८०/८१ का लागि प्रस्तुत गरेको बजेटले अहिलेको अर्थतन्त्रको अवस्थाका सुधारका लागि केही सकारात्मक प्रयास गरे पनि लगानी प्रोत्साहन हुने र बजारको माग बढ्नेमा आशङ्का रहेका धारणा नेपाल उद्योग परिसङ्घले दिएको छ । प्रेस विज्ञप्ति जारी गर्दै परिसङ्घले बजेटबारे आफ्नो यस्तो धारणा सार्वजनिक गरेको हो ।

‘मन्दिरमा रहेको अर्थतन्त्रलाई समृद्धितर्फ लैजान लगानी बढाउनुपर्ने अवस्थामा पुँजीगत खर्च घटाइएको छ । आन्तरिक उत्पादनलाई प्रोत्साहन गर्न तयारी वस्तु र कच्चापदार्थको भन्सार दर कम्तीमा दुई तहको फरक हुनुपर्नेमा एक तहमात्रै फरक गरेर सरकारले आफ्नै नीतिसमेत सम्बोधन गरेको छैन । मन्दीमा रहेको अर्थतन्त्रलाई प्रस्तुत बजेटले निकास दिनेमा हाम्रो आशङ्का छ’, परिसङ्घले विज्ञप्तिमा भनेको छ । निजी क्षेत्रको लगानी वृद्धि गर्न परिसङ्घले दिएका सुझाव बजेटमा सम्बोधन नभएको पनि उसको भनाइ छ ।

बजेटमा समावेश भएका विषयको प्रभावकारी कार्यान्वयनमा शङ्का रहेको परिसङ्घको धारणा छ । चालु आर्थिक वर्षको बजेटमा राखिएका अधिकांश व्यवस्था कार्यान्वयन नभएको तथ्य उसले सार्वजनिक गरेको छ । ‘बजेटमा घोषणा हुने तर कार्यान्वयन पक्ष निकै कमजोर रहने वास्तविकता परिसङ्घले सञ्चालन गरेको बजेट वाच कार्यक्रमको तथ्यलेसमेत देखाएको छ । चालु आव बजेटमा समावेश भएका निजी क्षेत्रसँग सम्बन्धित ६२ विषयमध्ये चैत्र मसान्तसम्ममा १६ प्रतिशत मात्रै पूर्ण कार्यान्वयन भएका छन्,’ परिसङ्घले भनेको छ, ‘बजेटमा समावेश गरिने तर कार्यान्वयन नहुने विषय गम्भीर चिन्ताको विषय बन्दै आएको छ ।’

कार्यान्वयनमा आशङ्का जनाए पनि बजेटका धेरै कार्यक्रम राम्रा रहेको विज्ञप्तिमा उल्लेख छ । पूर्वाधार परियोजनामा स्वदेशमा उत्पादित वस्तु प्रयोग गर्ने, जग्गाको हदबन्दीसम्बन्धी कानुनमा पुनरावलोकन गर्ने, सार्वजनिक-निजी साझेदारीमा औद्योगिक क्षेत्र निर्माण तथा सञ्चालन, वैदेशिक लगानीको न्यूनतम सीमा पुनरावलोकन गर्ने, ढुङ्गा, गिट्टी निकासी गर्न आधार तयार गर्ने, साइट क्लियरेन्स भएका आयोजनालाई मात्रै बजेट विनियोजन गर्ने, स्टार्टअप व्यवसायमा लगानी प्रोत्साहन गर्नेलगायतका विषय स्वागतयोग्य रहेको परिसङ्घले जनाएको छ ।

त्यस्तै, उत्पादनमूलक तथा निर्यातजन्य उद्योगका लागि सहजरूपमा जग्गा उपलब्ध गराउने, सूचना प्रविधि र नवप्रवर्तनमा आधारित उद्योगका लागि लचिलो श्रम नीति अवलम्बन गर्नेलगायतका विषय पनि सकारात्मक रहेको विज्ञप्तिमा उल्लेख छ । विदेशी लगानीबाट आर्जित आयलाई पुनःलगानी गर्दा स्वीकृति लिनु नपर्ने, सूचना प्रविधि क्षेत्रमा वैदेशिक लगानीको सीमा हटाउने, सूचना प्रविधि क्षेत्रलाई तेस्रो मुलुकमा सम्पर्क कार्यालय स्थापना गर्न, सफ्टवेयर वा प्रोग्राम खरिद तथा उपकरण जडान गर्न निर्यातबाट प्राप्त विदेशी मुद्राको १० प्रतिशतसम्म सटही सुविधा उपलब्ध गराइने व्यवस्था सकारात्मक रहेको परिसङ्घको धारणा छ ।

त्यसैगरी, विकास निर्माण आयोजनामा वनसँग जोडिएका विषयमा बजेटमार्फत सकारात्मक कुरा ल्याइएको परिसङ्घको भनाइ छ । ‘वातावरणीय प्रभाव मूल्याङ्कन प्रस्ताव पेस भएको ३० दिनभित्र निर्णय दिनुपर्ने, कटान गर्ने रुखमा १० प्रतिशतसम्म फरक भए पनि पुनःस्वीकृति लिनु नपर्ने, वन क्षेत्रको प्रयोग र रुख कटानीको स्वीकृति एकैपटक दिने, स्वीकृति प्राप्त भएको १५ दिनभित्र रुख कटानको आदेश दिनुपर्ने व्यवस्थाले परियोजनाको लागत बढ्न नदिने मात्र नभई समयमै परियोजना सम्पन्न गर्नसमेत मद्दत गर्ने हाम्रो विश्वास छ’, परिसङ्घले भनेको छ ।

बजेटले अर्थतन्त्र सुधारका केही नयाँ सङ्केत गरे पनि कर नीतिमा देखिएको अस्थिरताले लगानी बिग्रनसक्नेमा परिसङ्घले चिन्ता व्यक्त गरेको छ । लगानी अभिवृद्धिका लागि नीतिगत स्थिरता चाहिनेमा सरकारले प्रत्येक वर्ष भन्सार, अन्तःशुल्क लगायत करका दर परिवर्तन गर्दा लगानीको वातावरण अनिश्चित हुँदै गएको परिसङ्घको भनाइ छ ।

‘विसं २०५४ मा सरकारले एउटा मात्र कर (भ्याट) लगाउँछौं, त्यसलाई स्वीकार गरिदेउ, त्यसपछि हामी अरु कर लगाउँदैनौं भनेर निजी क्षेत्रलाई करमा सहमति गराएको थियो । अहिले अनेक प्रकारका कर लगाइएको छ । यसले लगानीको वातावरण बिग्रन सक्नेतर्फ परिसङ्घ चिन्ता व्यक्त गर्दछ’, विज्ञप्तिमा भनिएको छ ।

# मदिराको लाइसेन्स र नवीकरण दस्तुर बढ्यो

> “मदिरा बिक्रीवितरणका लागि होटल, रेस्टुराँ, रिसोर्ट, बारले लिने इजाजत तथा नवीकरण दस्तुर पनि बढेको छ । यस्तो शुल्क यसअघि पाँच तारे होटललाई ६० हजार रुपैयाँ रहेकामा ७५ हजार रुपैयाँ, चारतारे होटललाई ४८ हजार रहेकोमा ६० हजार र तीन तारे होटललाई ३६ हजार रहेकामा ४५ हजार रुपैयाँ बनाइएको छ ।”



**रासस**
**काठमाडौँ ।**

सरकारले आर्थिक विधेयक, २०८० मार्फत मदिरा र सूर्तीजन्य वस्तुको उत्पादक, वितरक तथा बिक्रेताको इजाजतपत्र (लाइसेन्स) र नवीकरण दस्तुर बढाएको छ । आर्थिक विधेयकमार्फत अन्तःशुल्क नियमावली, २०७९ मा भएको संशोधन तथा परिमार्जनबारे आन्तरिक राजस्व विभागले शुक्रबार सार्वजनिक गरेको विवरणअनुसार स्प्रिट, बियर, इथानोल र अन्य मरिदा उत्पादन गर्ने प्रतिष्ठानको लाइसेन्स र नवीकरण दस्तुर ५५ हजार रुपैयाँले बढेको हो । यसअघि यस्तो शुल्क एक लाख ९५ हजार रुपैयाँ बराबर रहेकामा त्यसलाई बढाएर दुई लाख ५० हजार रुपैयाँ पुऱ्याइएको छ ।

वाइन, ब्रान्डीजस्ता फलफूलमा आधारित मदिरा बनाउने प्रतिष्ठानको लाइसेन्स र नवीकरण शुल्क चार हजार रुपैयाँले बढाएर एक लाख रुपैयाँ पुऱ्याइएको छ । चुरोट उत्पादन गर्ने प्रतिष्ठानलाई दुई लाख ४० हजार रुपैयाँ इजाजत तथा नवीकरण दस्तुर लाग्दै आएकामा त्यस्तो शुल्क तीन लाख रुपैयाँ पुगेको छ ।

मदिरा बिक्रीवितरणका लागि होटल, रेस्टुराँ, रिसोर्ट, बारले लिने इजाजत तथा नवीकरण दस्तुर पनि बढेको छ । यस्तो शुल्क यसअघि पाँच तारे होटललाई ६० हजार रुपैयाँ रहेकामा ७५ हजार रुपैयाँ, चारतारे होटललाई ४८ हजार रहेकोमा ६० हजार र तीन तारे होटललाई ३६ हजार रहेकामा ४५ हजार रुपैयाँ बनाइएको छ । दुई तारेलाई २४ हजार रहेकामा ३० हजार र एक तारेलाई १२ हजार रहेकामा १५ हजार रुपैयाँ पुऱ्याइएको छ ।




स्वदेशी तथा विदेशी मदिरा बेच्ने पर्यटकस्तरको रेस्टुरेन्ट, रिसोर्ट तथा पार्टी प्यालेसले इजाजत तथा नवीकरणका लागि आठ हजार पाँच सय रुपैयाँ तिर्दै आएका थिए । अहिले त्यो बढेर ११ हजार रुपैयाँ पुगेको छ । साधारण होटल, रेस्टुरेन्ट, बार तथा लजका लागि चार हजार पाँच सय रुपैयाँ बराबर शुल्क रहेकामा छ हजार रुपैयाँ पुऱ्याइएको छ ।

मदिरा वितरकलाई यस्तो शूल्क ३६ हजार बराबर रहेकामा बढेर ४५ हजार रुपैयाँ पुगेको छ । त्यस्तै मदिराको थोक बिक्रेतालाई २४ हजार दस्तुर लाग्ने गरेकामा ३० हजार रुपैयाँ पुऱ्याइएको छ । मदिरा बिक्री गर्ने खुद्रा बिक्रेताको इजाजत लिन तथा त्यस्तो इजाजत नवीकरण गर्दा लाग्ने शुल्क पनि बढेको छ । यस्तो इजाजत तथा नवीकरणका लागि १२ हजार शुल्क लाग्ने गरेकामा अब १५ हजार रुपैयाँ शुल्क लाग्नेछ । त्यस्तै, डिपार्टमेन्टल स्टोरले २४ हजार शुल्क तिर्दै आएकामा ३० हजार रुपैयाँ तिर्नुपर्नेछ । विदेशी मदिरा तथा स्प्रिट आयातकर्ताको अनुमति लिन तथा त्यस्तो अनुमतिपत्रको नवीकरणका लागि ४८ हजार शुल्क लाग्दै आएकोमा ६० हजार रुपैयाँ पुगेको छ । विदेशी चुरोट तथा सिगार, सूर्तीजन्य पदार्थ आयातकर्तालाई ४८ हजार रुपैयाँ बराबर शुल्क लाग्दै आएको थियो । त्यसलाई बढाएर ६० हजार रुपैयाँ तोकिएको छ । त्यस्तै, पान मसला, चुरोट, खैनी, जर्दा, नश, तथा सुर्तीजन्य वस्तुका थोक बिक्रेताको लाइसेन्स तथा नवीकरणका लागि सात हजार दुई सय लाग्दै आएकामा अब १२ हजार रुपैयाँ शूल्क लाग्नेछ । यस्ता वस्तुको खुद्रा बिक्रेताका लागि दुई हजार शुल्क लाग्दै आएकामा अब तीन हजार रुपैयाँ लाग्नेछ । पान मसला, खैनी, जर्दा, नश, चुरोट बाहेकका सूर्तीजन्य वस्तु उत्पादन गर्ने प्रतिष्ठानका लागि एक लाख २० हजार रुपैयाँ लाग्दै आएकामा अब दुई लाख रुपैयाँ लाग्नेछ ।

# पक्की पुल बन्ने निर्णयले बैतडीमा खुसियाली

**रासस**
**बैतडी ।**

भारतसँग सीमा जोडिएको बैतडीको झुलाघाट नाकामा मोटरेबल पुल निर्माण हुने आशा पलाएको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’को भारत भ्रमणका क्रममा नयाँदिल्लीमा भएको संयुक्त पत्रकार सम्मेलनमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले झुलाघाट नाकामा मोटरेबल पुल निर्माण गरिने बताएपछि यहाँका नागरिकमा आशा पलाएको हो ।

नेपालको सुदूरपश्चिम क्षेत्रको कनेक्टीभिटीलाई बढाउन बैतडीको झुलाघाट र डडेल्धुराको शीर्षमा मोटरेबल पुल निर्माण हुने भारतीय प्रधानमन्त्री मोदीले बताएका थिए । भारतीय प्रधानमन्त्री मोदीले झुलाघाटमा मोटरेबल पुल बनाउने कुरा बताएपछि यहाँका नागरिक खुसी भएका छन् ।

वर्षौं पुरानो जीर्ण बनेको झोलुङ्गे पुलबाट जोखिमपूर्ण आवतजावत गर्न बाध्य यस क्षेत्रका नागरिक मोटरेबल पुल बनाउने कुरामा भारतीय प्रधानमन्त्री मोदीले गरेपछि खुसियाली छाएको छ । यहाँ मोटरेबल पुल बनेपछि दुवै देशको आर्थिक गतिविधिमा टेवा पुग्ने उद्योग वाणिज्य सङ्घका उपाध्यक्ष खिमानन्द भट्टले बताए । उनले भने ‘आफूहरूले लामो समयदेखि उठाउँदै आएको माग पूरा हुने आशा पलाएको छ । यो निकै खुसीको कुरा पनि हो । मोटरेबल पुल निर्माण भएमा दुवै देशमा आर्थिक गतिविधिमा वृद्धि पनि हुन्छ ।’

मोटरेबल पुल निर्माणपछि आर्थिक वृद्धिका साथसाथै धार्मिक पर्यटन भित्र्याउन पनि सहज हुने सङ्घका उपाध्यक्ष भट्टको भनाइ छ । उनले भने ‘यसअघि सीमा क्षेत्रमा मोटरेबल पुल नहुँदा पर्यटक भित्र्याउन असहज हुने गरेकामा पुल निर्माण भएमा भारतीय दर्शनार्थीलाई नेपालका धामको दर्शन गर्न सहज हुनेछ ।’ बैतडीमा त्रिपुरासुन्दरी, निङ्गलाशैनी, मेलौली भगवती, रौलाकेदार, दोगडाधाम, ग्वाल्लेककेदार, पतालभुवनेश्वर धामलगायत धार्मिक तथा पर्यटकीयस्थल छन् । पुल निर्माणपछि यस क्षेत्रमा पर्यटकीय चहलपहल हुने स्थानीय महेशदत्त भट्टले बताए । उनले भने ‘मोटरेबल पुल निर्माणपछि यहाँका धार्मिक तथा पर्यटकीय क्षेत्रमा पर्यटकको चहलपहल बढ्ने विश्वास छ ।’

नाकामा मोटरेबल पुल निर्माण भएमा बैतडी मात्रै नभएर सुदूरपश्चिम क्षेत्रको आर्थिक गतिविधिमा सुधार आउने र दुई देशका व्यापारिक सम्बन्ध पनि विस्तार हुने विश्वास गरिएको छ । पुल निर्माण भएमा दुवै देशका सीमावर्ती क्षेत्रका नागरिकका बीच पारिवारिक र सामाजिक सम्बन्ध पनि बलियो हुने दशरथचन्द नगरपालिकाका उपप्रमुख कौशिला चन्दले बताइन् ।

उनले भनिन् ‘भारतसँग रोटीबेटीको सम्बन्ध रहँदै आएकामा पुल निर्माणपछि यो सम्बन्ध अझै प्रगाढ हुनेछ ।’



मोटरेबल पुल बन्ने कुरा छिट्टै कार्यान्वयनमा आउनुपर्नेमा जोड दिइएको छ । झुलाघाट नाकामा अहिले झन्डै सयौं वर्ष पुरानो झोलुङ्गे पुलबाट आवतजावत भइरहेको छ । उक्त नाकामा मोटरेबल पुल निर्माणका लागि सन् २००६ देखि नै चर्चा सुरु गरिए पनि बल्ल आएर पुल निर्माणको काम अघि बढ्ने सङ्केत देखिएको हो ।

झोलुङ्गे पुल रहेको क्षेत्रमा एक सय पाँच मिटर लामो मोटरेबल पुल बनाउने योजना रहेकामा पञ्चेश्वर परियोजनाको डुबान क्षेत्रमा पर्ने भन्दै काम अगाडि बढ्न सकेको थिएन । झुलाघाट नाकामा मोटरेबल पुल निर्माणको माग गर्दै यहाँ एक महिनासम्म अनशन गरिनुका साथै बैतडी उद्योग वाणिज्य सङ्घले सरकारलाई हस्ताक्षरसमेत बुझाएको थियो ।

जिल्ला भ्रमण गर्ने नेपालका शीर्ष नेताहरूले पनि झुलाघाट नाकामा पुल बनाउन पहल गर्ने बताउँदै आएका थिए । गत मङ्सिरमा सम्पन्न निर्वाचनमा समेत यहाँका प्रमुख राजनीतिक दलले झुलाघाटमा मोटरेबल पुल निर्माणको कुरालाई आफ्नो चुनावी एजेण्डामा राखेका थिए ।

प्रधानमन्त्रीसँग अन्तर्वार्ता :



# मोदी नेपाल–भारत सम्बन्धका समस्या हल गर्न तत्पर : प्रम दाहाल

*नेपाल–भारतबीचको सीमा समस्यालाई राखिराख्न हुँदैन, यसलाई समाधान गर्नुपर्छ। बङ्गलादेश मोडल पनि एउटा अवसर हुनसक्छ, अर्को पनि हुन सक्छ। नेपालले इतिहासको तथ्यतथ्याङ्कका आधारमा आफ्नो भनेको भूमिलाई भारतले छाड्दा पनि समाधान भई नै हाल्छ। अर्को कुरा धेरै ठाउँमा अप्ठ्यारो पर्‍यो भने सट्टपट्टा गर्ने चलन पनि छ। तर अहिले नै यी विकल्पबारे हामी औपचारिक ढङ्गले प्रवेश गरेका छैनौँ।*

**रासस**
**इन्दौर, मध्यप्रदेश।**

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' भारतको चारदिने औपचारिक भ्रमणमा छन्। भ्रमणका क्रममा प्रधानमन्त्री पुष्पकमल दाहाल र भारतीय समकक्षी नरेन्द्र मोदीबीच 'वान टु वान' र प्रतिनिधिमण्डलस्तरमा वार्ता भएर नेपाल र भारतबीच विभिन्न द्विपक्षीय सम्झौता एवं समझदारी भएका छन्। ऊर्जा व्यापार र अन्तरदेशीय प्रसारण लाइन निर्माण, अन्तरदेशीय भुक्तानी, नेपालमा आर्थिक पूर्वाधार निर्माण, पारवहन सन्धि नवीकरणलगायत रहेका छन्। दुवै देशका प्रधानमन्त्रीबाट समानता, आपसी सम्मान र आपसी विश्वासका आधारमा मैत्रीपूर्ण सम्बन्धलाई आगामी दिनमा सबल बनाउने प्रतिबद्धता व्यक्त भएको छ। भारत भ्रमणमा केन्द्रित रहेर प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' सँग राष्ट्रिय समाचार समिति (रासस) का विशेष समाचारदाता रमेश लम्सालले भारतको इन्दौरमा गरेको कुराकानीको सम्पादित अंश :

### चौथो भारत भ्रमणलाई कसरी मूल्याङ्कन गर्नुभएको छ ?

यो भ्रमण पहिलेका तुलनामा बढी फलदायी, दूरगामी प्रभाव पार्ने, नेपालको राष्ट्रिय हितमा केन्द्रित रह्यो। मुख्यतः आर्थिक क्रियाकलापमा सकारात्मक सन्देश दिने सफल भ्रमणका रूपमा मैले महसुस गरेको छु।

### भ्रमण सफलताका आधारहरू के के हुन् ?

पहिलो, भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र मेरा बीचमा खुलेर जसरी कुरा भयो, एउटा विश्वासको राम्रो वातावरण बन्यो। त्यो स्तरमा विगतमा खुलेर कुराकानी त्यति हुने गर्दैनथ्यो। यो हिसाबले पनि यसलाई मैले भिन्न र मौलिक ठानेको छु। तीन पटक नै 'वान टु वान' वार्ता भएको त होइन, 'वान टु वान' त एक पटक नै हो। अरु कार्यक्रममा जाने क्रममा पाँच/सात मिनेट हामी दुई जना मात्रै बसेर कुरा गर्ने अवसर भयो। त्यसअर्थमा पनि हरेक पटक अलि खुलेर विश्वासको वातावरण बनाउने र केही परिणाम निस्कने किसिमले जानुपर्छ भन्ने बन्यो।

दोश्रो, हामीकहाँ समस्या भनेर भन्ने गरिरखेका थियौँ, नेपाली जनताको मनमा पनि त्यो कुरा गहिरोसँग थियो। सीमा समस्या हल हुन्छ कि हुँदैन, के होला भन्ने प्रश्न थियो, छ पनि, त्यसमा यसपटकको नयाँपन के देखियो भने सिमानाको समस्या सदाका निम्ति हल गर्नुपर्छ, भन्ने कुरा भयो। प्रधानमन्त्री मोदीले संयुक्त पत्रकार सम्मेलनमा मैलेभन्दा पनि पहिले सिमानाका समस्या समाधान गर्नुपर्छ भनेर बोल्नुभएको छ। नेपाल-भारत सम्बन्धलाई हिमालयको उचाइसम्म पुऱ्याउनुपर्छ भन्ने जसरी राखियो, त्यसले नयाँ सन्देश दिएको छ।

### मोदीले नेपाल–भारत सम्बन्धलाई 'सुपरहिट' बनाउने र हिमालजस्तै उचाइ दिने भनेका छन्, यसको अर्थ के हुन सक्छ ?

उनी पहिलो पटक सन् २०१४ मा नेपाल भ्रमणका क्रममा सदनमा बोल्दा 'हिट' को अर्थ लगाएर नेपाल-भारत सम्बन्धको चर्चा गर्नुभएको थियो। बीचमा जुन 'गति' मा जानुपर्थ्यो, गएन। अब त्यसलाई 'सुपरहिट' बनाउनुपर्छ भनेर उनले त्यतिबेलाको आफ्नो सफल भ्रमणलाई जोडेर भनेको मैले महसुस गरेको छु। नेपाल-भारत सम्बन्धलाई धेरै नै माथि लानुपर्छ भनेर भन्ने नै त्यसको अर्थ हो। यो दुई शब्दको प्रयोगबाट भारतीय प्रधानमन्त्री निकै विश्वासको साथमा अब नेपाल-भारत सम्बन्धका सबै समस्या हल गर्नुपर्छ भन्ने मनस्थितिमा रहेको मैले ठानेको छु।

सिमानाका समस्या समाधान गर्नुपर्छ, यसलाई अड्काइराख्नु हुँदैन भन्नेमा दुवै देश एउटास्तरमा आइपुग्नु नै ठूलो कुरा लाग्छ। प्रधानमन्त्री मोदी र मेराबीचमा कुरा हुँदा भारत र बङ्गलादेशले सीमा समस्या हल गरेको चर्चा हामीले गरेकै हो। स्वयं प्रधानमन्त्री मोदीले लामो समयको मेहनत र गृहकार्यपछि त्यो सफलता प्राप्त भएको हो भनेर बताउनु भएको छ। नेपाल-भारतबीचको सीमा समस्यालाई राखिराख्न हुँदैन, यसलाई समाधान गर्नुपर्छ। बङ्गलादेश मोडल पनि एउटा अवसर हुनसक्छ, अर्को पनि हुन सक्छ। नेपालले इतिहासको तथ्यतथ्याङ्कका आधारमा आफ्नो भनेको भूमिलाई भारतले छाड्दा पनि समाधान भई नै हाल्छ। अर्को कुरा धेरै ठाउँमा अप्ठ्यारो पऱ्यो भने सट्टपट्टा गर्ने चलन पनि छ। तर अहिले नै यी विकल्पबारे हामी औपचारिक ढङ्गले प्रवेश गरेका छैनौँ। नेपालमा पनि केही सीमा सम्बन्धी जानकारले बङ्गलादेश जाने बाटो हामीलाई दिने हो भने समस्या समाधान भइहाल्छ भनेर ल्याउने गर्नुभएको छ। तर यी विकल्प अहिले भारत सरकारसँग औपचारिक रुपले प्रवेश गरेको विषय होइनन्। जे भएपनि सिमानाका समस्या अब हल गर्नुपर्छ भन्ने प्रतिबद्धताको तह अहिले नेपाल-भारतको अर्को उचाइमा पुगेको छ। यो सत्य हो।

> *बजारको सुनिश्चितताको अभावले लगानीकर्तालाई लगानी गर्न जुन समस्या हुन्थ्यो, त्यो अब रहेन। अब हामीले छिटोछिटो उत्पादन गर्ने दिशातर्फ जान सकिन्छ भन्ने मलाई लाग्छ। जे भएपनि यो समझदारी नेपालको राष्ट्रिय हित र दीर्घकालीन हितका निम्ति धेरै नै महत्वपूर्ण सहमति हो। यसले नेपालको अर्थतन्त्रलाई नयाँ गति दिन्छ भन्ने मेरो विश्वास हो। पश्चेश्वर बहुउद्देश्यीय आयोजनाको तीन महिनाभित्र विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गर्ने, एक वर्षमा मोडालिटी निर्माण गर्ने भनेर भनिएको छ, त्यसलाई संयुक्तरुपले घोषणा गरिएको छ।*

### १० हजार मेगावाट विद्युत् उत्पादन गरेर बिक्री गर्ने अवस्था सिर्जना भएको हो ?

नेपालमा लामो समयदेखि बिजुली उत्पादन गर्ने तर बजारको सुनिश्चित नहुँदा उत्पादन मात्रै गरेर के हुन्छ भन्ने प्रश्न लगानीकर्ता र नेपाली विज्ञको मनमा रहँदै आएको प्रश्न हो। भारतसँग दीर्घकालीन व्यापार सम्झौता होस् भन्ने नेपालको चाहना हो। यसपटक त्यो विषयमा सम्झौता सम्पन्न भयो। १० वर्षमा १० हजार मेगावाट विद्युत् खरिद गर्ने स्वयं भारतीय प्रधानमन्त्री मोदीले आफैँले प्रष्ट भाषामा भन्नुभएको छ। त्यसको औपचारिकता करिबकरिब केही दिनभित्र सबै टुङ्गिन्छ। यो ठूलो उपलब्धि हो।

बजारको सुनिश्चितताको अभावले लगानीकर्तालाई लगानी गर्न जुन समस्या हुन्थ्यो, त्यो अब रहेन। अब हामीले छिटोछिटो उत्पादन गर्ने दिशातर्फ जान सकिन्छ भन्ने मलाई लाग्छ। जे भएपनि यो समझदारी नेपालको राष्ट्रिय हित र दीर्घकालीन हितका निम्ति धेरै नै महत्वपूर्ण सहमति हो। यसले नेपालको अर्थतन्त्रलाई नयाँ गति दिन्छ भन्ने मेरो विश्वास हो। पश्चेश्वर बहुउद्देश्यीय आयोजनाको तीन महिनाभित्र विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गर्ने, एक वर्षमा मोडालिटी निर्माण गर्ने भनेर भनिएको छ, त्यसलाई संयुक्तरुपले घोषणा गरिएको छ। २६ वर्षदेखि रोकिएको कामलाई नयाँ ढङ्गले अगाडि बढाउने प्रक्रिया सुरु भएको छ। यो नेपालका लागि खुसीको कुरा हो। नेपाल, भारत र बङ्गलादेशका बीचमा विद्युत् व्यापारका सम्बन्धमा जे सहमति बन्यो। भारत र बङ्गलादेश, नेपाल र बङ्गलादेश, नेपाल र भारतबीच सबैका बीचमा सहमति भइसकेको छ। यो पनि नेपालको विद्युत् व्यापारका क्षेत्रमा यसले धेरै महत्वपूर्ण भूमिका खेल्छ। यो नेपालको राष्ट्रिय हितमा भएको अर्को महत्वपूर्ण उपलब्धि हो।

### विद्युत् खरिद गर्ने घोषणा केबल घोषणामै सीमित हुने हो कि ?

यसमा कसैले पनि आशङ्का गर्नु कुनै ठाउँ छैन। दुईवटा प्रधानमन्त्रीले औपचारिक वार्तापछि आयोजित पत्रकार सम्मेलनमा घोषणा गरिएको हो। भारतले केही प्राविधिक कारणबाट 'क्याबिनेट' बैठक बस्न बाँकी हो भनेर हामीलाई विश्वास दिलाएको छ। प्रधानमन्त्री मोदीजस्तो शक्तिशाली नेताले घोषणा गरेको कुरामा शङ्का गर्नु हाम्रै कमिकमजोरी हो जस्तो हुन्छ। शङ्का गर्ने कुनै ठाउँ छैन, यो अगाडि बढ्छ।

### हवाई प्रवेश बिन्दुको विषय नेपालले उठाएको थियो, यस सन्दर्भमा के कुराकानी भयो ?

एयर रुटका विषय नेपालले धेरै पहिलेदेखि उठाउँदै आएको विषय हो। यसपटक पनि मैले धेरै तयारीका सन्दर्भमा पनि सम्बन्धित मन्त्रालय र अधिकारीलाई यस विषयमा छलफल गर्न पहिले पनि दिल्ली पनि पठाएको हो। कुराकानी पनि भएको हो। सिमराबाहेक हामीलाई सिधैँ अन्तर्राष्ट्रिय एयर रुटका रूपमा कम्तीमा एउटा रुट दिन भनेको हो। त्यहीस्तरमा त यो पुगेन अहिले, तर कम 'अल्टिच्यूड'का जहाज भारतका विभिन्न सहर र नेपालगञ्ज जोड्ने भन्ने भएको छ, यो प्रारम्भिक राम्रो सङ्केत चै हो। हामीले खोजेको जस्तो त होइन। प्रधानमन्त्री मोदीसँग कुरा हुँदा पनि मैले भनेको छु, कम 'अल्टिच्यूड' बाट जहाज उड्न दिने सहमतिले एउटा सङ्केत त गरेको छ, नेपालको आवश्यकता र चाहनलाई सम्बोधन गरेको छैन, हामी के आशा गर्छौं भने छिट्टै फेरि 'हाइअल्च्यिूड' जहाज पनि आउने गरी महेन्द्रनगर वा नेपालगञ्ज जता भएपनि एउटा एयर रुट प्राप्त हुने विश्वास गर्छौं भनेका छौँ। मसँगको कुराकानीमा भारत सकारात्मक भएको पाएको छु। जे भएपनि एयर रुटको विषय जुन स्तरमा छलफल भयो र प्रारम्भिक रूपमा जुन सहमति भएको छ, नेपालका लागि महत्वपूर्ण कुरा हो भन्ने मलाई लाग्छ।

### इन्दौर भ्रमणको क्रममा नेपालको फोहर व्यवस्थापन गर्न यहाँबाट केही सिक्न सकिन्छ ?

इन्दौर भारतकै प्रमुख सफा सहरमा दर्ज भएको छ। इन्दौरबाट केही सिक्न सकिन्छ हेरौँ भन्ने उद्देश्यबाट पुगिएको हो। हिजो हामीले त्यसको अवलोकन पनि गर्‍यौँ। प्रस्तुति पनि हेरियो। यसबाट हामीले पाठ सिक्ने कुरा छन्। मैले के महसुस गरेँ भने सबैभन्दा ठूलो कुरा सरकारको प्रतिबद्धता हो। सरकार कति दृढ इच्छाशक्तिका साथ अगाडि जान चाहन्छ भन्ने महत्वपूर्ण देखेँ। मध्यप्रदेश सरकार र इन्दौर नगरपालिकाको जुन पहलकदमी र प्रतिबद्धता देखेँ, यो धेरै ठूलो हो। सफा सहर बनाउन प्रत्येक व्यक्तिले मेहनत गर्नुपर्छ भन्ने मनोभावना र चेतना पैदा गर्ने कुरा महत्वपूर्ण रहेछ। हाम्रा सन्दर्भमा आमजनतामा चेतना ल्याउनुपर्छ भन्नेमा पनि यो सम्बन्धित छ।

### भारत भ्रमणबाट प्राप्त उपलब्धिबारे नेपाली जनतालाई भन्न केही छन् ?

यसपटकको भारत भ्रमणको दीर्घकालीन र रणनीतिक अर्थ र महत्व रहेको मैले मसहुस गरेको छु, कताकता नेपालमा हरेक कुरालाई नकारात्मक र शङ्काका नजरले हेर्ने भएका छौँ। तर मलाई लाग्छ, यसपटक अलिकति सकारात्मक ढङ्गले सोच्ने, विषयलाई आवश्यकताभन्दा बढी राजनीतिकरण नगरी विकास, समृद्धि र आर्थिक क्रियाकलापलाई गति दिने कुरामा केन्द्रित हुन आवश्यक छ। त्यसअर्थमा यस भ्रमण ऐतिहासिक नै भएको छ।




# कपास विकास समिति खारेजीले किसान चिन्तित

**रासस**
**खजुरा।**

सरकारले आगामी आर्थिक वर्षको बजेटमार्फत बाँकेको खजुरास्थित कपास विकास समिति खारेज गर्ने भएपछि बाँके र बर्दियाका किसान चिन्तित बनेका छन्। पहिलेदेखि नै कपास खेती गर्दै आएका र यस वर्ष पनि कपास खेती गर्ने योजना बनाएका उनीहरू अन्योलमा परेका छन्।

'गठनादेश २०३७ अनुसार केन्द्रीय रूपमा स्थापना भएको कपास विकास समिति सरकारको नीति तथा कार्यक्रम पूर्ण खारेजीमा राखिनु दुर्भाग्यपूर्ण छ', खजुराका शतिश निरौलाले भने। समितिअन्तर्गत रहेका करोडौँ रुपैयाँका उपकरणलाई उपयोग गर्दै कपाससँगै धागो उद्योग सञ्चालन गरेर रोजगारी सृजना गर्न सकिने उहाँको भनाइ छ। केही वर्षदेखि कपास खेती गर्दै आएका राप्तीसोनारीका हरिराम थारूले कपास खेतीबाट पर्याप्त आम्दानी भएको बताए। उनले यस वर्ष यहाँका अरू किसानले पनि कपास खेती गर्ने योजना बनाएको उल्लेख गर्दै समिति खारेजीले खेती गर्ने योजना अन्योलमा परेको बताए।

बाँकेको खजुरामा केन्द्रीय कार्यालय रहेको कपास विकास समितिले चालु आर्थिक वर्ष २०७९/८० मा तीन करोड रुपैयाँको कपास बिक्री गरेको छ। यो कपास खेती गर्ने उपयुक्त समय भएकाले कपास खेती गर्नका लागि तीन सय किसान छनोट गरी आवश्यक बीउ र विषादी खरिद गरिएको समितिका अध्यक्ष हेमन्तराज काफ्लेले जानकारी दिए। उनले भने 'गोदामको सबै कपास बिक्री भयो, माग उस्तै छ। यहाँका किसानले कपास खेतीबाट मनग्य आम्दानी गरिरहेका छन्। माथि उठ्न खोजिरहेको कपासलाई खारेज गरिनु दुःखद् हो। १० रुपैयाँ करोड पुँजी पुगिसकेको थियो भने पछिल्ला दिनमा निरन्तर नाफामा गइरहेको थियो।'

पछिल्लो समय कपासको माग बढ्काले मागअनुसार आपूर्ति गर्न नसकिरहेको समितिका अध्यक्ष काफ्लेले बताए। चालु आर्थिक वर्षमा किसानबाट एक सय टन कपास खरिद गरेकामा सबै बिक्री भइसकेको उनले जानकारी दिए। अध्यक्ष काफ्लेले भने 'खजुरामा कपास रहेको जानकारी पाएपछि विराटनगरस्थित धागो उद्योगले मासिक १५ टनका दरले खरिद गर्दै आएको छ, अन्यलाई भने माग अनुसार कपास दिन सकिएको छैन।'

लामो समयसम्म सुस्ताए पनि केही वर्षदेखि सक्रिय भएको कपास विकास समितिलाई सरकारले आर्थिक वर्ष २०८०/८१ को बजेटमार्फत खारेज गरेपछि यहाँका स्थानीय र कर्मचारीहरू चिन्तित छन्। विसं २०७२ देखि समितिको गोदाममा रहेको कपास गत वर्ष सबै बिक्री गरिएको समितिले जनाएको छ। समितिको आन्तरिक स्रोत वार्षिक आठदेखि १० करोड रुपैयाँ रहेको र बिक्री वितरण पनि राम्रै हुन थालेको हालको अवस्थामा एकाएक समिति नै खारेजी हुनु दुःखद भएको अध्यक्ष काफ्लेको भनाइ छ। बीस वर्षपछि बर्दियाको खैरापुर क्षेत्रमा करिब २० बिघा जमिनमा कपास लगाउन किसान तयार भए पनि सरकारले गरेको निर्णयले समितिसँगै किसान पनि अन्योलमा परेका छन्।

समितिमा २० जना कर्मचारीको दरबन्दी रहेकामा हाल तीनजना कार्यालय सहयोगीसहित आठजना कर्मचारी कार्यरत छन्। समितिको नियमावली एक वर्षदेखि मन्त्रालयमै थन्किएको छ। करिब २० वर्षदेखि नयाँ दरबन्दी थप भएको छैन। किसानबाट एक सय टन कपास खरिद गर्दा त्यसलाई बजारमा लैजानका लागि तयार गर्दा करिब ३० टन मात्रै हुने समितिले जनाएको छ। समितिको केन्द्रीय कार्यालय रहेको स्थानमा नौ बिघा, बर्दियाको तारातालमा तीन बिघा, जमुनीमा पाँच दशमलव पाँच बिघा र दाङको टरिगाउँमा तीन बिघा गरी २० दशमलव पाँच बिघा जग्गा छ। लालपुर्जा नभए पनि बर्दियाको कुम्भरमा करिब नौ सय २५ बिघा जग्गा प्रयोग गर्दै आएको समितिले जनाएको छ।

उक्त जग्गा अतिक्रमण भई त्यहाँ हाल बसोबास भइरहेको छ। समितिका अध्यक्ष काफ्लेले कुम्भरमा रहेको जग्गामध्ये बसोबास गरिरहेकालाई दिएर पनि कम्तीमा पाँच सय बिघा जमिनमा कपास खेती गर्न सकिने भन्दै एकाएक समिति खारेजीको निर्णयले सबै योजना अन्योलमा परेको बताए। 'समितिको सक्रियतामा कपास खेती गर्ने किसानको सङ्ख्या बढ्दै गएको छ। सरकारले वार्षिक रू दुई करोड अनुदान दिँदै आएको छ,' उनले भने। समितिमा लामो समयदेखि थन्किएको कपास बिक्री भएको भन्दै हाल समिति नाफामा रहेको अध्यक्ष काफ्लेले जानकारी दिए।

केन्द्र सरकारले बजेटमार्फत समिति खारेजीको विषय लुम्बिनी प्रदेशसभाको बैठकमा उठाइएको छ। प्रदेशसभा सदस्य अम्बिका काफ्लेले त्यसबारे संसद्मा प्रश्न उठाएको भन्दै यस विषयमा छलफल गरिने बताए। सरकारले बजेट वक्तव्यअनुसार कपास विकास समिति, अतिरिक्त हुलाक कार्यालय, महिला तथा बालबालिका विभाग, नेपाल विश्वविद्यालय पूर्वाधार तयारी विकास समिति, विभिन्न मेडिकल कलेज पूर्वाधार विकास समिति, विभिन्न ताल संरक्षण विकास समितिलाई खारेज गरिनेछ।

# पर्यटन प्रवर्द्धनको मुख्य आधार हिमाल : मन्त्री सिम्खडा



**रासस**
**गण्डकी।**

गण्डकी प्रदेशका सामाजिक विकासमन्त्री सुशीला सिम्खडाले पर्यटन प्रवर्द्धनको मुख्य आधार हिमाल भएको बताएकी छिन्। नेपाल पर्वतारोहण सङ्घ अन्नपूर्ण शाखाद्वारा अन्तरराष्ट्रिय पर्वतीय सङ्ग्रहालयमा आयोजित अन्नपूर्ण आरोहणको ७३ औँ दिवसका अवसरमा 'हिमाल आरोहण र पर्यटन प्रवर्द्धनमा देखिएका चुनौती' विषयक अन्तर्क्रिया कार्यक्रममा मन्त्री सिम्खडाले नेपालका हिम चुचुराका बारेमा विश्वसामु जानकारी गराउन आवश्यक भएको बताइन्।

मन्त्री सिम्खडाले भनिन् 'त्यसका लागि आवश्यक पूर्वाधार तयार गर्न तीनै तहका सरकार जिम्मेवार हुनु पर्दछ।' अन्नपूर्ण हिमाल आन्तरिक एवम् बाह्य पर्यटकको आरोहणमा थप आकर्षण बढाउन सबैको साथ र सहयोगको खाँचो औँल्याउँदै मन्त्री सिम्खडाले हिमाली क्षेत्रको समग्र विकासमा प्रदेश सरकारले सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरिन्।

नेपाल पर्वतारोहण सङ्घका अध्यक्ष निमानोरु शेर्पाले पर्वतीय पर्यटनबाट सुरु भएको मुलुकको पर्यटन विकासलाई थप प्रभावकारी बनाउन सङ्घले आवश्यक भूमिका खेल्दै आएको उल्लेख गर्दै हिमाल आरोहणबाट समृद्धि प्राप्त गर्न सकिने विश्वास व्यक्त गरे। विश्वव्यापी समस्याका रूपमा देखिएको जलवायु परिवर्तनबाट हिमाल बचाउने अभियान सञ्चालन गर्नुपर्ने आवश्यकता औँल्याउँदै अध्यक्ष शेर्पाले भने 'सङ्घले हिमाली क्षेत्रमा भएको फोहर हटाउने र आरोहणमा सहभागी पथप्रदर्शकलाई विभिन्न खाले तालिमको व्यवस्था गर्दै आएको छ।' पोखरा महानगरपालिका-१७ का वडाअध्यक्ष राधिका शाही योगीले हिमालसँगै धार्मिक पर्यटन प्रवर्द्धनमा जोड दिँदै यस क्षेत्रको समग्र पर्यटन प्रवर्द्धनमा सरोकारवाला सङ्घ सहकार्य गरेर अघि बढ्ने विश्वास व्यक्त गरिन्।

आठ हजार ९१ मिटरको उचाइ रहेको अन्नपूर्ण हिमालको फ्रान्सका नागरिक मौरिस हर्जोगको नेतृत्वको टोलीले सन् १९५० जुन ३ तारिखमा सफल आरोहण गरेको थियो। कार्यक्रममा पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठ, पर्यटन व्यवसायी लक्की कार्की, पर्यटन बोर्डका अधिकृत कुन्दन मिश्र, सङ्ग्रहालय प्रमुख निर्मलाकुमारी न्यौपानेलगायतले हिमाल आरोहणको महत्व र त्यसबाट लिन सकिने फाइदाका बारेमा चर्चा गरेका थिए।

# हवाई आक्रमणमा तीन आतङ्ककारी मारिए



**सिन्ह्वा**
**मोगादिसु ।**
सोमाली सरकारको समर्थनमा संयुक्त राज्य अफ्रिका कमाण्ड (अफ्रिकम)ले गरेको हवाई आक्रमणमा दक्षिणी सोमालियामा अल-शबाबका तीन आतङ्ककारी मारिएको अमेरिकी सेनाले शुक्रबार जनाएको छ। अफ्रिकोमले सोमाली सरकारको अनुरोधमा बिहीबार गरिएको सामूहिक आत्मरक्षा हडताल दक्षिणी बन्दरगाह शहर किसमायोबाट ६० किलोमिटर दक्षिणपश्चिममा रहेको वायन्ता क्षेत्रमा भएको जनाएको छ।
'सैन्यकार्य सोमालियाको सङ्घीय सरकारको सुरक्षा चुनौतीलाई सम्बोधन गर्ने प्रयासको एउटा भाग मात्र हो,' अफ्रिकोमले जारी गरेको विज्ञप्तिमा उल्लेख छ। सोमाली राष्ट्रपति हसन शेख मोहम्मदले गत वर्ष विद्रोही विरुद्ध युद्धको घोषणा गरेपछि अल-शबाब विरुद्धको तीव्र आक्रमण जारि रहिरहेका बेला यो पछिल्लो हवाई आक्रमण भएको हो।
हवाई हमलाले दक्षिणी र मध्यसोमालियामा रहेका अल-शबाब व्यक्तिलाई लक्षित गरेको छ, जहाँ त्यो सशस्त्र समूहले अझै पनि केही क्षेत्रमा बलियो पकड कायम राखेको छ।

# सुडानमा सहयोग मिसनको म्यान्डेट विस्तार



**सिन्ह्वा**
**संयुक्त राष्ट्रसंघ।**
संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्ले शुक्रबार सुडानमा रहेको संयुक्त राष्ट्र सङ्घीय सङ्क्रमण सहायता मिसनको कार्यदेश यस वर्षको डिसेम्बर ३ सम्म बढाउने निर्णय गरेको छ।
सर्वसम्मतिले संकल्प २६८५ पारित गर्दै १५ सदस्यीय निकायले कार्यादेश कार्यान्वयनको प्रतिवेदन प्रत्येक ९० दिनमा परिषद् समक्ष पेश गर्न महासचिवलाई अनुरोध गर्दै यस विषयमा सक्रियतापूर्वक ध्यान दिने निर्णयसमेत गरेको छ।
परिषद् सदस्यले सुडानले सामना गरिरहेका जटिल चुनौतीमा संयुक्त राष्ट्रसङ्घको प्रतिक्रिया समन्वय गर्न मिसनको उपस्थिति पहिलेभन्दा बढी महत्त्वपूर्ण हुने पनि उल्लेक गरेका छन्। राजधानी खार्तुममा मुख्यालय रहेको सो मिसन सन् २०२० जुन ३ मा स्थापना भएको हो। शुरुमा १२ महिनाको अवधिको लागि साथापना गरिए पनि दुई पटकसम्म विस्तार गरिएको थियो।
सो मिसनको उद्देश्य सुडानलाई राजनीतिक स्थिरता, शान्ति निर्माण र विकासका क्षेत्रमा सही बाटोमा फर्काउँने रहेको छ।

# उडिसा रेल दुर्घटनाः
## २८८ जनाको मृत्यु, ८ सयभन्दा बढी घाइते



**एएनआई**
**बालासोर।**
उडिसा राज्यको बालासोरमा द्रुत गतिमा हुँइकिएका तीन वटा रेल एक आपसमा ठोक्किएर शुक्रबार बिहान भएको दुर्घटनामा मृत्यु हुनेको सङ्ख्या दुई सय ८८ पुगेको छ भने नौ सय जनाभन्दा बढी यात्री घाइते भएका छन्। दक्षिणपूर्वी रेलवेका अनुसार घाइते यात्रुहरूलाई राज्यको गोपालपुर, खन्तपारा, बालासोर, भद्रक र सोरोका अस्पताल भर्ना गरिएको छ। दुर्घटनास्थलमा उद्धार कार्य पूरा भएको र पुनःस्थापनाका काम जारी छन्। शुक्रबार बिहान सात बजे बालासोर जिल्लाको बहानागा बजार स्टेशनमा बेङ्गलुरु-हावडा सुपरफास्ट एक्सप्रेस, कोरोमण्डल एक्सप्रेस र मालवाहक रेल ठोक्किएका थिए। दुर्घटनामा यात्रुवाहक दुई वटा रेलका १७ वटा डिब्बा पटरीबाट बाहिर धेरै पर पुगेका छन्, गम्भीर रूपमा क्षतिग्रस्त भएका डिब्बाबाट त्यहाँ फसेका सबैलाई उद्धार



गरिएको छ।केन्द्रीय रेल मन्त्री अश्विनी वैष्णव आफैं पुनःस्थापनाको निरीक्षणमा छन्। रेलवे बोर्डका अध्यक्ष, स्वास्थ्य सेवा विभागका महानिर्देशक घाइते यात्रुहरूको उपचारको निगरानी गरिरहेका छन् भने अन्य सबै वरिष्ठ सरकारी अधिकारीहरू अस्पतालहरूमा घाइते यात्रुहको हेरचाह एवम् समन्वय गरिरहेका छन्। दुर्घटनास्थलमा औषधिसहित प्यारामेडिकल स्टाफसहित सयभन्दा बढी चिकित्सक टोलीलाई परिचालन गरिएको छ। घाइतेहरूलाई सोरो, बालासोर, भद्रक र कटकका अस्पतालहरूमा लैजान दुई सयभन्दा बढी एम्बुलेन्स परिचालन गरिएको छ। उडिशा सरकारले दुर्घटनाका कारण अलपत्र परेका उडिशा र पश्चिम बङ्गालका यात्रुहरूलाई उनीहरूको गन्तव्यसम्म निःशुल्क यातायात सुविधा उपलब्ध गराउने घोषणा गरेको छ। त्यसका निम्ति दुर्घटनास्थल नजिक ३० वटा बस तयारी अवस्थामा राखिएको छ। घाईतेहरुलाई प्रदेशका सरकारी तथा निजी अस्पतालमा निःशुल्क उपचारको व्यवस्था गरिएको छ।

# भलिबलबाट 'अग्लिएकी' सलिना

**नमिता दाहाल**
**काठमाडौं।**
टिमका अन्य खेलाडीले भन्दा भिन्दै जर्सी लगाएर कोर्टभित्र सबैभन्दा व्यस्त रहने सलिना श्रेष्ठको खेल हेर्दा जो-कोहीलाई लाग्न सक्छ- कति सानी खेलाडी! भलिबलमा उचाइको फाइदा धेरै हुन्छ। ४ फिट ९ इन्चकी सलिना औसत नेपालीभन्दा होची छिन्। तर, उनी नेपाल भलिबलमा सबैभन्दा सफलमध्येमा पर्छिन्। पाँचवर्षे अन्तर्राष्ट्रिय करिअरमा दुई उपाधि जितिसकेकी छन्। १३ औं दक्षिण एसियाली खेलकुदमा ऐतिहासिक रजत पदक जित्दा टिमकी मुख्य खेलाडीमध्येकी हुन्।



हालै सम्पन्न काभा वुमन्स च्यालेन्ज कप भलिबलको सेमिफाइनलमा काजकस्तानसँग पराजित भएपछि नेपाल टिम अन्तर्राष्ट्रिय उपाधिमा ह्याट्रिक गर्न असफल रह्यो। उज्वेकिस्तानलाई हराएर ८ टिम सम्मिलित प्रतियोगितामा तेस्रो भएको नेपालका लागि व्यक्तिगत विधातर्फ सर्वोत्कृष्ट लिबेरोको पुरस्कार सलिनाले पाइन्। अर्थात् आफ्नो पोजिसनमा ७ टिमका खेलाडीलाई पछि पारिन्। त्यसो त पुस २०७८ मा काभा सिनियर वुमन्स सेन्ट्रल जोन भलिबल प्रतियोगिताको उपाधि दोस्रोपल्ट जित्दा पनि व्यक्तिगत विधामा सलिनाले सर्वोत्कृष्ट पुरस्कार पाइसकेकी थिइन्। तर, घरेलु माहोलमा पाएको व्यक्तिगत सफलताको खुसी अर्कै।
'यो पटक आफ्नै देशमा पुरस्कार जित्दा एकदमै रमाइलो लाग्यो' सलिना भन्छिन्, 'अलिअलि आश गरिरहेकी थिएँ। ८ देशबाट उत्कृष्ट लिबेरो पाउँदा योभन्दा गर्वको क्षण के होला र!' सेन्ट्रल एसियन भलिबल संघले गर्ने यसअघिका दुई प्रतियोगिता जितेको नेपाली टिमसँग यसपल्ट धेरै अपेक्षा थियो। अघिल्ला प्रतियोगिताको तुलनामा यसपल्ट बलिया विपक्षी (भारत र काजकस्तान) थिए। उपाधि जित्न नसकेको अफसोच सलिनालाई पनि लागेको छ। तर, नेपाल टिमले आफ्नो क्षमता अनुसार खेलेकोमा उनी सन्तुष्ट छिन्।
नेपालले यो प्रतियोगितामा आफ्नो परम्परागत कमजोरीका रूपमा रहेको डिफेन्समा उच्चस्तरको प्रदर्शन गर्न सफल रह्यो। रक्षापंक्तिमा सबैभन्दा महत्वपूर्ण भूमिका लिबेरोको हुन्छ। ब्याक कोर्टमा बसेर सर्भिसदेखि स्पाइक रिसिभको क्षमताले समग्र खेलको लय तय गर्छ। 'हामीले एकअर्कालाई सहजताका साथ बुझ्न सक्नुपर्छ। हरेक इशारा तत्कालै बुझेर समन्वय गर्न सहज हुनुपर्छ' सलिना भन्छिन्, 'हामीले डिफेन्स, ब्लक र सर्भिसमा अझै सुधार गर्न सक्छौं।'
नेपालले यो प्रतियोगिताका लागि बेल्जियन प्रशिक्षक जान डी ब्रान्टसँग सम्झौता गरी झण्डै तीन महिनाको प्रशिक्षण गरेको थियो। तर, प्रतियोगिताअघि आफ्नो परीक्षण गर्न पाएको थिएन। सुरुवाती दुई खेलमा किर्गिस्तान र बंगलादेशमाथि सहज विजय हासिल गरेको नेपाल समूहको अन्तिम खेलमा भारतसँग ३-१ को सेटमा निराश बन्यो। हामीले प्रशिक्षण अघि भारतसँग यत्तिको प्रतिस्पर्धात्मक खेल खेल्छौं भनेर सोचेकै थिएनौं' नयाँ प्रशिक्षकको आगमनले टिम थप बलियो बनेको दृष्टान्त दिँदै सलिना भन्छिन्, 'हामीले स्पाइक, सर्भिस अन टार्गेट, ब्लकिङ पोजिसनमा एकदमै राम्रो गरेका छौं। सरको प्रशिक्षणमा एसियाडसम्म टिम थप बलियो हुनेछ।'
नेपालले यसपटक शारीरिक रूपमा बलिया दुई टिमसँग खेल्यो जसमा नेपालले सामान्य कमजोरी गरिरह्यो। सलिनाले पनि नेपाल टिमले सर्भिसमा गरेको कमजोरी र उचाइका कारणले बलिया टिमसँग पराजित हुनुपरेको टिप्पणी गरिन्।
'हामीले यस पटक धेरै अंक सर्भिसबाट गुमाएका हौं। अग्लो टिमसँग खेल्दा हाम्रो ब्लक पनि राम्रो भएन', उनले भनिन्। समूहको अन्तिम खेलमा भारतसँग खेल्नुअघि नै नेपाल सेमिफाइनलमा पुगिसकेको थियो। दबाबविहीन सो खेलमा नेपाली खेलाडीहरू भारतसँग खेल्नुपर्ने भनेपछि आत्तिएको महसुस सलिनाले पनि गरिन्।
'हामी विपक्षी भारत भन्नेबित्तिकै अलिकति नर्भस भइहाल्छौं। त्यसैले पनि हामीले पहिलो सेट असाध्यै नराम्रोसँग हार्‍यौं' सलिनाले भनिन्, 'सुधार गर्ने कोसिस गरेका हौं, त्यसमा हामीलाई उचाइले पनि साथ दिएन।' लिग चरणमा भारतसँग हारेको नेपाल सेमिफाइनलमा प्रतियोगिताकै हाइप्रोफाइल टिम काजकस्तानसँग पाँच सेटमा पराजित रह्यो। 'काजकस्तानसँग खेल्दा हामीसँग भारतसँग खेलेको अनुभव थियो। आत्तिएका पनि थिएनौं। सामान्य कमजोरीका कारण खेल हार्‍यौं', सलिनाले सुनाइन्।
नेपाल टिम असोजमा १९ औं एसियाली खेलकुदमा सहभागी हुनेछ। एसियाली खेलकुद जस्ता प्रतियोगितामा अग्ला र बलिया टिम विरुद्धको रणनीति बनाउन यो प्रतियोगिताले धेरै सहयोग पुग्ने सलिनालाई पनि लागेको छ।

### राष्ट्रिय टिमका लागि लामो प्रतीक्षा

२६ वर्षीया सलिनाले भलिबल सिक्न थालेको १४ वर्ष भयो। नेपालको महिला भलिबलमा न्यू डायमण्डलाई स्थापित बनाउनुमा सलिनाको भूमिका अहम् छ। २०६९ सालमा न्यू डायमण्डले पहिलोपल्ट एनभीए क्लब च्याम्पियनसिपको उपाधि जित्दा उनी टिममा स्थापित लिबेरो बनिसकेकी थिइन्। त्यसताका न्यू डायमण्डले छुट्टै पहिचानसहितको उचाइ लिएको थियो। काठमाडौं र मोफसलमा हुने प्रतियोगिताहरूमा न्यू डायमण्ड सबैभन्दा रुचाइएको टिम थियो। विभागीय टिमलाई टक्कर दिने पहिलो क्लब जन्मिएको थियो। घरेलु भलिबलमा लगातार बेजोड प्रदर्शनका बाबजुद सलिनाले राष्ट्रिय टिमबाट अवसर पाउन लामो प्रतीक्षा गर्नुपर्‍यो। २०७२ सालमा १२औं दक्षिण एसियाली खेलकुद र त्यसको अर्को वर्ष विश्व च्याम्पियनसिप छनोटका लागि बन्द प्रशिक्षणमा बोलाएर पनि टिममा स्थान बनाउन नसक्दाको पीडाले सलिनालाई



ठूलो असर गरेको थियो। सलिनाको प्रतिभा पहिचान गरेका न्यू डायमण्डका संस्थापक तथा प्रशिक्षक कुमार राई पनि त्यो समय सलिना करिअरकै उच्च लयमा रहेको बताउँछन्।
'२०७० देखि २०७३ सम्म त सलिनाको डिफेन्स कला देखेर सबै चकित पर्थे। उनी रोबर्ट जस्तै थिइन्, जब उनी राष्ट्रिय टिममा परिनन् उनले प्रशिक्षणमै जाँगर गर्न छोडिन्', प्रशिक्षक राई भन्छन्।
अघिल्ला दुई अवसरमा राष्ट्रिय टिमको ढोका खोल्न असफल हुँदा निराश बनेकी सलिनाका लागि पहिलो अन्तर्राष्ट्रिय सहभागितामै उपाधि जित्न लेखेको रहेछ। २०७६ साल उनका लागि मात्र हाइन नेपाली महिला भलिबलकै लागि एउटा स्वर्णिम समयका रूपमा रह्यो। त्यसको सदस्य बन्न पाउनुलाई सलिना पनि आफूलाई भाग्यमानी ठान्छिन्। काभा सेन्ट्रल जोन सिनियर वुमन्स भलिबल प्रतियोगिताका लागि नेपाल भलिबल संघले टिममा व्यापक फेरबदल गर्‍यो। युवा खेलाडीले अवसर पाए। २०७६ असोजमा बंगलादेशमा भएको प्रतियोगिताका लागि नेपाल टिममा एक मात्र लिबेरो थिइन् सलिना।
'पहिलो पटक राष्ट्रिय टिमका लागि खेल्दै गर्दा एक्लै छु, सक्दिनँ कि भन्ने थियो तर कोर्टमा छिरेपछि त्यस्तो अनुभव भएन', उनले भनिन्। चार वर्ष कुरेपछि पाएको अवसरमा उनले आफूलाई प्रमाणित गरिन्। नेपाल टिमले पनि पहिलोपल्ट अन्तर्राष्ट्रिय उपाधि जित्यो। त्यसपछि सलिनाका लागि पनि राष्ट्रिय टिममा नियमित स्थान बन्यो। दुई महिनापछि १३ औं दक्षिण एसियाली खेलकुदमा नेपाललाई घरेलु भूमिमा ऐतिहासिक रजत पदक दिलाउन सलिनाले आफ्नो पोजिसनबाट निर्णायक भूमिका खेलिन्।
पुस, २०७८ मा सलिना सम्मिलित नेपाली टिमले सेन्ट्रल जोन भलिबलको उपाधि लगातार दोस्रोपल्ट जित्दा सलिना उत्कृष्ट लिबेरो समेत बनेकी थिइन्। राष्ट्रिय टिमबाट खेल्न थालेको चार वर्ष भयो। अहिलेसम्म उनलाई चुनौती दिनसक्ने लिबेरो नेपाल भलिबलमा देखिएको छैन। घरेलु भलिबलमा न्यू डायमण्ड र राष्ट्रिय टिमकी निर्विकल्प लिबेरोको तीव्रता र बललाई बुझ्न सक्ने क्षमताले सलिनालाई लगातार सफल बनाइरहेको छ। 'भलिबलमा उचाइ मात्र पनि सबैथोक होइन। सीप र कलाबाट पनि आफूलाई अलग देखाउन सकिन्छ', सलिना भन्छिन्।

### न्यू डायमण्डको संरक्षण, कुमार राईको हेरचाह

महिला भलिबल खेलाडी उत्पादनमा पछिल्लो एक दशकदेखि सबैभन्दा सफल नाम हो- कुमार राई। न्यू डायमण्ड स्पोर्टस् क्लबमार्फत प्रतिभा पहिचान, संरक्षण र उत्पादनमा राईको योगदान अहिलेको राष्ट्रिय टिममै देख्न सकिन्छ।
राईले विगतमा रमिला तण्डुकार, रेश्मा भण्डारीदेखि अहिलेको राष्ट्रिय टिममा रहेका प्रतिभा माली, प्रगति नाथ, रिमा कुँवर र सलिना समेत गरी थुप्रै खेलाडीको करिअर उज्ज्वल पारेका छन्।
२ कक्षादेखि घर नजिकैको न्यू डायमण्ड एकेडेमी, नैकापमा पढ्न थालेकी सलिनालाई उनको उचाइ र क्षमता अनुसार भलिबलमा प्रयोग गर्न राई सफल रहे। भलिबल सुरु गर्दा उचाइको समस्याले स्पाइक वा ब्लकमा सम्भव भएन। त्यसैले डिफेन्समै प्रयोग गरिएको थियो। 'प्रशिक्षण थालेको केही समयमै मैले आफ्नो पोजिसनमा राम्रो खेल्न थालिसकेकी थिएँ। कुमार सरले पछि गएर तिमी राम्रो लिबेरो बन्छ्यौ भन्नुभएको थियो', सलिना सम्झिन्छिन्।विद्यालय समय सकिएपछि सिनियरले भलिबल खेलेको देखेर सलिनालाई पनि भलिबलमा रुचि लागेको थियो। प्रशिक्षक राईले टिममा समावेश गरेको अर्को वर्ष २०६७ मा छैटौं ढोरपाटन महिला डबल लिग भलिबल उनको पहिलो राष्ट्रिय प्रतियोगिता हो।
त्यसयता अहिलेसम्म उनले अविच्छिन्न रूपमा न्यू डायमण्डको डिफेन्स सम्हालिरहेकी छन्। 'उनको प्रदर्शन यति राम्रो हुन थाल्यो कि घरेलु भलिबलमा एकछत्र राज गरिरहेको एपीएफलाई पनि डिफेन्सकै भरमा जित्न सक्ने भएका थियौं' प्रशिक्षक राई भन्छन्, 'त्यो बेला सलिनाको हात चुम्बक जस्तो थियो। जस्तो बल पनि उठाएर सेटरसम्म पुर्‍याउन सक्थिन्।'

# आठ सय किलो कोकिन बरामद तीन पक्राउ



> प्रहरीका अनुसार मे २४ मा पश्चिमी अस्ट्रेलिया प्रहरी बल र स्वयंसेवी समुद्री उद्धार सेवाले २२ किलोमिटर टाढा रोटनेस्ट टापु नजिकै सङ्कटमा परेको १० मिटर क्याबिन क्रुजरको चालक दललाई सहयोग गरेको थियो।

**सिन्ह्वा**
**सिड्नी।**
अस्ट्रेलियाको सङ्घीय प्रहरीले शुक्रबार ८०० किलोग्रामभन्दा बढी कोकिन बरामद गरेको छ। लागुपदार्थ तस्करी गर्न प्रयास गर्ने अन्तरराष्ट्रिय अपराध सिन्डिकेटसँग सम्बन्धित तीन जना पुरुषलाई पक्राउ गरिएको छ।
प्रहरीका अनुसार मे २४ मा पश्चिमी अस्ट्रेलिया प्रहरी बल र स्वयंसेवी समुद्री उद्धार सेवाले २२ किलोमिटर टाढा रोटनेस्ट टापु नजिकै सङ्कटमा परेको १० मिटर क्याबिन क्रुजरको चालक दललाई सहयोग गरेको थियो।



बोर्डमा रहेका तीनजना पुरुषले प्रहरीलाई बताएअनुसार उनीहरूले जहाजको इन्जिनमा समस्याको देखेको तर डुङ्गा चलाउने अनुभव नभएको बताएका थिए।
ती व्यक्तिको शङ्कास्पद गतिविधि देखेपछि प्रहरीले जहाजको निरिक्षणपछि पानीले भरिएको ब्यालास्ट ट्याङ्कीमा २९ वटा शंकास्पद प्याकेज फेला पारेको थियो। ती प्याकेजमा सेतो पाउडरका थुप्रै ब्लक पाइएको र कोकेन जस्तै प्रतीत भएको छ, थप अनुसन्धान जारी छ।
तीन जनामध्ये दुई जनालाई बुधबार पक्राउ गरी पर्थमा हिरासतमा राकिएको छ भने तेस्रोलाई सिड्नीबाट पक्राउ गरिएको हो। ती आरोपित २१, २५ र २९ वर्षका रहेका छन्। दोषी प्रमाणित भएमा उनीहरुलाई अधिकतम आजीवन कारावासको सजाय हुनसक्ने प्रहरीले जनाएको छ।

# भक्तपुरमा राष्ट्रिय पुरुष भलिबल प्रतियोगिता हुने

**रासस**
**भक्तपुर।**
भक्तपुरमा राष्ट्रिय खुल्ला पुरुष भलिबल प्रतियोगिता हुने भएको छ। ओम सृजनशील समाजको आयोजनामा उक्त प्रतियोगिता यहअी जेठ २७ गतेदेखि सञ्चालन हुनेछ। सूर्यविनायक नगरपालिका-४ दधिकोट हर्षचोकमा भक्तपुर जिल्ला खेलकुद विकास समिति र सूर्यविनायक नगरपालिकाको समन्वयमा सो प्रतियोगिता आयोजना गर्न लागिएको प्रतियोगिताका संयोजक पेशल आचार्यले जानकारी दिए।प्रतियोगितामा पहिलो हुने टोलीलाई ५० हजार रुपैयाँ पुरस्कार प्रदान



गरिने छ। त्यसैगरी, दोस्रो हुने टोलीलाई २५ हजार रुपैयाँ र तेस्रोलाई १५ हजार रुपैयाँ पुरस्कार प्रदान गरिने छ। तीन दिनसम्म चल्ने उक्त प्रतियोगितामा देशभरका २० टोली सहभागी हुने बताइएको छ। समाजका अध्यक्ष अर्जुन केसीले खेलकुदको माध्यमबाट समाजमा सकारात्मक प्रभाव पर्ने र परिर्वतनका लागि सहयोग पुग्ने अपेक्षाका साथ भलिबल प्रतियोगिता गर्न लागिएको बताए।

# अक्सिजनले चलिरहेको देश भेन्टिलेटरमा नजाओस्



**अशोक वैद्य**
अध्यक्ष
नेपाल भारत सहयोग मञ्च

*माग भन्दा बढी उत्पादन भयो र खपत भएन भने स्वाभाविकरुपमा उद्योग घाटामा जान्छ। यहाँ अप्रत्यासित प्रतिस्पर्धाले पनि उद्योग घाटामा गइरहेको छ। यहाँ कतिपय उद्योग घाटामा गइसके, कतिपय उद्योग बन्द भइसके। सबैभन्दा दोष बैंकको छ। बैंकले प्रोजेक्टको अध्ययन नै नगरी लगानी गरेको छ। कसैको मुख हेरेर लगानी किन गर्ने ? हामीले सरकारलाई धेरै भिजन दिएका छौं, ३ पानाको सुझाव अर्थमन्त्री, उद्योगमन्त्रीदेखि प्रधानमन्त्रीलाई दिएका छौं तर त्यस्को कुनै औचित्य छैन। हाम्रो स्थिति त्यति भयावह छैन, जति राजनीतिका कारण भइसकेको छ। जनताले देशको अभिभारा सांसद, विधायक, मन्त्रीलाई जिम्मा दिएका छन्। हामी धनी राष्ट्रको गरिब जनता भयौं हामी गरिब होइन, हामीलाई राजनीतिक दलले गरिब बनाएको हो।*

*देशको आर्थिक अवस्था एवम् मधेश प्रदेशको एकमात्रै महानगरपालिका वीरगंज महानगरपालिकाको विकासबारे वीरगंज महानगरपालिकाका सद्भावनादुत, वरिष्ठ उद्योगपति एवम् नेपाल भारत सहयोग मञ्चका राष्ट्रिय अध्यक्ष अशोक वैद्यले मधेशदृष्टिसँग गरेको कुराकानीको सम्पादित अँशः*

### वर्तमान अवस्थामा देशको अर्थतन्त्र कता जाँदैछ ?

पूरै देश अक्सिजनमा गइसकेको छ। अहिले पनि सरकार गम्भीर भएन भने भोलिका दिनमा भेन्डिलेटरमा देश जान समय लाग्दैन, हाम्रो पनि श्रीलंकाको जस्तो अवस्था हुन सक्छ। यसमा सरकार गम्भीर हुन आवश्यक छ।

### यस्तो परिस्थितिमा देश कसरी चल्छ ?

यो त आमजनतालाई थाहा छ, अहिले बजेट आएको छ, आम जनता बजेटमा त्यति गम्भीर हुँदैनन्। उद्योगपति भएर के गर्ने ? जब पुँजीगत खर्च छैन, कतिपय उद्योग बन्द भए, जुन चालु अवस्थामा छन्, उत्पादन ७५ प्रतिशत कम भइसक्यो। अब यस्तो अवस्थामा उद्योग कसरी चल्न सकछ ? अक्सिजनमा भएको अवस्थामा देशलाई पुनः सुधार गर्न सकिन्छ तर भेन्डिलेटरमा पुगेपछि सम्हाल्न गाह्रो हुन्छ।

### तपाई यसबारे केन्द्रमा छलफल त गर्न सक्नुहुन्थ्यो नि ?

समाधान धेरै छ, हामी आफ्नो भिजन दिन सक्छौं, काम त सरकारले गर्ने हो। यही वीरगंजमा २०७० सालमा ५ जना पूर्वप्रधानमन्त्रीलाई बोलाएर कार्यक्रम गरिसकेको छु। ५ जनाले १२ बुँदे सहमतिमा हस्ताक्षर गर्नुभएको छ, तर हालसम्म एउटा बुँदामा पनि काम हुनसकेन। काम त सरकारले गर्ने हो। हामीले सरकारलाई धेरै भिजन दिएका छौं, ३ पानाको सुझाव अर्थमन्त्री, उद्योगमन्त्रीदेखि प्रधानमन्त्रीलाई दिएका छौं तर त्यस्को कुनै औचित्य छैन। हाम्रो स्थिति त्यति भयावह छैन, जति राजनीतिका कारण भइसकेको छ। जनताले देशको अभिभारा सांसद, विधायक, मन्त्रीलाई जिम्मा दिएका छन्। हामी धनी राष्ट्रको गरिब जनता भयौं हामी गरिब होइन, हामीलाई राजनीतिक दलले गरिब बनाएको हो। हामी दुईवटा ठूला राष्ट्रको बीचमा बसेर पनि फाइदा लिन सकिरहेका छैनौं। हामी ल्यान्डलक होइन, माइन्डलक देशमा बसिरहेका छौं। हामीसँग पर्यटनसहित स्रोतसाधन धेरै छ, तर सरकारले व्यवस्थित तरिकाले चलाउन नसकेका कारण देश धरासायी भयो।

### राजनीतिक खिँचातानीले यो अवस्था सृजना भएको हो ?

अहिले पनि केही बिग्रिएको छैन, ५ वटा क्षेत्रलाई विकास गरौं, देश आफैं सबल हुन्छ। हामीसँग साधनस्रोत भएर पनि व्यवस्थित तरिकाबाट परिचालन गर्न सकिएको छैन। हाम्रो खराब बानी छ, विदेशबाट कर्जा लिने। हामी आफैं सक्षम छौं। हामी आफ्नै स्रोतसाधनबाट आम्दानी गरौं न, आज २५ वर्षमा २० वटा प्रधानमन्त्री परिवर्तन भइसके, मन्त्रिमण्डल परिवर्तन हुनेबित्तिकै सचिवदेखि सबै कर्मचारी परिवर्तन हुन्छ। कुनै पनि देशलाई विकास गर्न दीर्घकालीन नीति हुनुपर्छ। सरकार परिर्वतन हुनेबित्तिकै ऐन नियम परिवर्तन हुनु हुँदैन, यस अवस्थामा कुन विदेशी उद्योगीले यहाँ लगानी गर्छ ? सरकारले विश्वासको वातावरण बनाउनुपर्‍यो। आम जनतामा विदेशीप्रति विश्वासको वातावरण बनाउनुपर्‍यो।

यसको दोषी सत्ताधारी दलहरु नै हुन् ?
राजनीति पनि गर्नुस्, राजनीति पनि आवश्यक छ, राजनीतिक व्यक्तित्वले नै देशको विकास गर्न सक्छ तर यहाँ २० देखि २५ वटा पार्टी छ, विभिन्न पार्टीको आआफ्नो विचार छ। तर देश विकासको लागि एकढिक्का हुनुपर्छ तब मात्रै विश्वासका वातावरण बन्न सक्छ। हामी कहिले पनि एक हुन सकेका छैनौं। हाम्रो पुँजीगत खर्च किन हुनसकेको छैन ? असार आएपछि मात्रै २० देखि ४० प्रतिशत हुन्छ, शतप्रतिश किन हुन सक्दैन ? जबसम्म सरकारले विकासको कार्यमा संकटकाल घोषणा गर्दैन, तबसम्म देशको विकास हुन सक्दैन।

### देश विकास हुने कुनै छाँटकाट छैन ?

५ वर्षको प्रोजेक्टलाई २५ वर्ष लाग्छ। डेभलपमेन्ट प्रोजेक्टमा सरकारले संकटकाल लगाउनुपर्छ। एउटा प्रोजेक्ट ल्यायो भने कसैले जग्गा अधिग्रहणदेखि विभिन्न मुद्दा हाल्छ, अनि प्रोजेक्ट कसरी सम्पन्न हुन्छ ? त्यस्ता थुप्रै प्रोजेक्ट छन्। हामी भन्छौं जलस्रोतको धनी छौं, धनी भएर के गर्ने ? एउटा जलविद्युत परियोजना संसदमा पास हुन १० वर्षसम्म लाग्छ। कहिले कुनै पार्टीले अड्काउँछ, कहिले कुनै पार्टीले अड्काउँछ, यस्तो अवस्थामा कसरी विकास हुन्छ ? सरकारले उद्योगी व्यवसायीप्रति विश्वासको वातावरण बनाउन सक्नुपर्छ।

### देशको अर्थतन्त्र सुधार हुनेवाला छ त ?

जति पनि राजस्व उठेको छ, त्यसमा ८१ प्रतिशत निजीक्षेत्रको योगदान छ। निजी क्षेत्रको योगदानले देश चलिरहेको छ। सरकारले के बुझ्नुपर्छ भने उद्योगी व्यवसायी निजीक्षेत्र सरकारको साथी हो, सरकार नाफाको साथी हो, हामी घाटाका साथी हौं। जति पनि नाफा हुन्छ भने सरकारले लिएर जान्छ। घाटा भए हाम्रो, नाफा भए सरकारको। त्यो कुरा सरकारले बुझ्नुपर्छ कि हाम्रो पार्टनरसीपको व्यापारलाई कसरी सुधाउनुपर्ने हो ?

### बैंकको चर्को ब्याजले व्यापारीहरु बर्बाद हुने अवस्था छ, यसको सुधार हुन्छ कि ?

बैंकको समस्यामा तीनजना दोषी छन्। पहिलो सरकार, दोस्रोमा बैंक तथा तेस्रोमा उद्योगी व्यवसायी। एकजनाले सिमेन्ट उद्योग लगायो भने अरुले पनि सिमेन्ट उद्योग नै लगाउँछ। यहाँ खपत कति छ, त्यस्को कुनै अध्ययन हुँदैन, उत्पादन क्षमता कति छ, माग कति छ, सरकारले पनि अध्ययन गर्दैन, सबलाई लाइसेन्स बाँडिन्छ। भोलिका दिनमा बैंक डुब्यो भने जनता डुब्छ। माग भन्दा बढी उत्पादन भयो र खपत भएन भने स्वाभाविकरुपमा उद्योग घाटामा जान्छ। यहाँ अप्रत्यासित प्रतिस्पर्धाले पनि उद्योग घाटामा गइरहेको छ। यहाँ कतिपय उद्योग घाटामा गइसके, कतिपय उद्योग बन्द भइसके। सबैभन्दा दोष बैंकको छ। बैंकले प्रोजेक्टको अध्ययन नै नगरी लगानी गरेको छ। कसैको मुख हेरेर लगानी किन गर्ने ? बैंकले प्रोजेक्टर हेरेर लगानी गरेन भने त्यही लगानी डुब्छ। अरु देशमा उद्योगी बैंकमा जान्छन् कर्जा माग्छन् तर यहाँ बैंक उद्योगीकहाँ गएर भन्छ हामीसँग कारोबार गर्नुस्।

### ब्याजदर घट्ने अवस्था छ कि छैन ?

बैंकले बुझ्नुपर्छ, हामी बाँचे बैंक बाँच्छ। बैंकले ब्याजदर झार्नैपर्छ, त्यसको विकल्प छैन। सरकारले पनि भनिरहेछ, असारमा पुनरकर्ता गरी ब्याजदरको समय बढाउनुपर्छ, नत्र धेरै धरासायी बन्छन्, ठूलो दुर्घटना हुनसक्छ। यहाँ कतिजनाले आत्महत्या गरिसके, यो सबै जनतालाई थाहा छ।

### कृषिमा आत्मनिर्भर देश, आयातमुखी कसरी भयो ?

कुनै बेला हाम्रो देश कृषिप्रधान देश थियो, तर अहिले कृषि आयात देश भएको छ। कुनै बेला यहाँबाट धेरै खाद्यान्न निर्यात गरिएको थियो तर आज त्यही देशबाट खाद्यान्न आयात भइरहेको छ, यो अवस्था कसरी आयो ? यसमा सरकार दोषी छ। किसानले समयमा मल पाउन सकेका छैनन्, विद्युतमा सहुलियत छैन, कृषिमा सहुलियत छैन, समयमा वीउ नपाउने, समयमा मल नपाउने जस्ता समस्याले यो अवस्था सृजना भएको हो। सरकारले आजसम्म जग्गाको वर्गीकरण गर्नसकेको छैन। जब बैंकले लगानी गर्दैन, तबसम्म कुनै व्यापार चलायमान हुन सक्दैन। राष्ट्र बैंकले पनि राजनीतिक हिसाबले ऐन नियम बनाउने गरेका कारण पनि यस्तो अवस्था आएको छ। आर्थिक हिसाबले ऐन बन्नुपर्छ, सरकारको हिसाबले ऐन बन्यो भने देश धरासायी हुन्छ नै।

### वीरगंज महानगरपालिकाको विकासलाई कसरी लिनु भएको छ ?

वीरगंज महानगरको विकासमा धेरै सकारात्मकपन आएको छ। अहिलेका मेयर फास्ट ट्र्याकमा विकास गर्दै हुनुहुन्छ। उहाँ वीरगंजको विकासका लागि चिन्तित हुनुहुन्छ। व्यक्तिले चाह्यो भने जे पनि गर्न सक्छ, उहाँको धेरै योजना छ, उहाँको कार्यकालमा वीरगंजले एउटा नयाँ रुप लिन्छ भन्ने विश्वास लिएको छु। विस्तारै वीरगंजको मुहार फेरिँदैछ। अझ धेरै काम बाँकी छ, अहिले कास्टिङ मात्रै छ, पूरा फिल्म बाँकी छ। तर एक्लै मेयर साबले केही पनि गर्न सक्नुहुँदैन, उनलाई जनताको साथ चाहिएको छ।

### उद्योगीबाटै कर तिर्नमा आनाकानी भएको कुरा आएको छ, सत्य के हो ?

कसै कसैमा घरबहाल कर नतिर्ने बानी बसिसकेको छ, तर हामीले जायज कर तिरेनौं भने महानगरपालिका कसरी चल्न सक्छ। कुनैबेला कर्मचारीलाई तलब दिनसमेत गाह्रो थियो तर अहिले करको दायरा बढेको छ, विस्तारै कर असुलीमा प्रगतिमा गइरहेको छ। कर तिरिएन भने देश कसरी चल्छ, हरेक नागरिकले आफ्नो क्षमता अनुसार कर तिर्नुपर्छ।

### वीरगंज महानगर कस्तो लागिरहेछ ?

वीरगंजमा अहिले धेरै परिवर्तन भएको छ, मैले मात्र होइन, सबै जनताले महसुस गरेका छन्। मेयरसाबको पनि चाहना छ, वीरगंजलाई एउटा नमूना महानगरको रुपमा विकास गरौं। यहाँ कसैले जग्गा अतिक्रमण गरेको छ, कसैले वर्षौंदेखि कर तिरेका छैनन्, तिनीहरुले कर पनि तिर्नुपर्छ। कहिले काहीं कडारुपमा पनि प्रस्तुत हुनुपर्छ, त्यो भइरहेको छ। हामीले धार्मिक पर्यटन क्षेत्रलाई बढावा दियौं भने वीरगंजको विकासमा थप मदत पुग्नेछ।

### वीरगंजको औद्योगिक नगरीलाई छुट्ट योजना बनाइएको हो ?

मेयर साबको योजना राम्रो छ। यसमा प्रदेश र केन्द्र सरकारले पनि चासो लिनुपर्छ। वीरगंज पथलैया औद्योगिक करिडोर हो। ट्रान्सपोर्ट नगरको लागि जग्गा छुट्याइएको छ। फिजिबल रिपोर्ट पनि तयार भइसकेको छ। चाँडो भन्दा चाँडो ट्रान्सपोर्ट नगरको कार्य अगाडि बढाइन्छ। यो अभियान वीरगंज उद्योग वाणिज्य संघले लामो समयदेखि उठाउँदै आएको छ। ट्रान्सपोर्ट नगर स्थापना भयो भने वीरगंज सहरभित्र ट्राफिक जामको समस्या पनि अन्त्य हुन्छ।

### सिर्सिया नदी प्रदूषणमा दोषी को ?

यो नदी यति पवित्र थियो कि कुष्टरोगीले यसमा नुहाए ठीक हुन्थ्यो तर विस्तारै उद्योग बढ्दै गयो र नदी प्रदूषित हुन पुग्यो। यसलाई सरसफाइ गर्न उद्योगी, व्यापारी, महानगरपालिका तथा केन्द्र सरकार गम्भीर हुनुपर्छ। कुनै पनि व्यक्तिले गलत गर्दा प्रशासनले कारबाही गरेन भने त्यो प्रशासनको गल्ती हो। र, प्रदूषण रोक्ने उद्योगको पनि दायित्व हो। सरकारले आफ्नो कानुनको हिसाबमा कारबाही प्रक्रिया अगाडि बढाउनुपर्‍यो। सरकारले एउटा अन्तिम निर्देशन दिनुपर्‍यो, यति दिनमा ट्रिटमेन्ट प्लान्ट लगाउनुपर्‍यो, नत्र हदैसम्म कारबाही हुन्छ भनेर। तब उद्योगीले ट्रिटमेन्ट प्लान्ट लगाउँछन्।

### सिर्सिया नदी सफाइमा तपाई पनि लाग्नुपर्‍यो नि ?

यसमा अशोक वैद्य मात्रै किन, सम्पूर्ण व्यक्ति लाग्नुपर्यो। सरकारले यसमा कडा रुपमा प्रस्तुत हुनुपर्छ। वातावरण मन्त्रालय, उद्योग मन्त्रालय के का लागि बनेको छ ? तिनीहरुले आफ्नो काम इमान्दारितापूर्वक गर्नुपर्‍यो नि!

### रात्रीबजार लगाउनु कतिको उचित छ ?

आर्थिक अवस्था सुधारका लागि रात्रीबजार सकारात्मक नै छ।
यहाँको रात्रीबजारको म्यासेज नेपालको धेरै सहरमा गइसकेको छ, यहाँसम्म कि भारतको कतिपय स्थानमा पनि रात्रीबजारको कुरा चलिसकेको छ। यो ट्रायल मात्रै थियो, यसलाई अझै व्यवस्थित गर्दै लैजाने हो भने यसले वीरगंजको आर्थिक अवस्थालाई चलायमान पक्कै बनाउँछ।

### आत्मनिर्भर बनाउन के गर्नुपर्छ ?

पहिला सबै राजनीतिक व्यक्तिले आत्मालोचना गर्नुपर्छ। सबैलाई कुर्सी नै चाहिन्छ। जनता आत्तिसकेका छन्। हामी देशको विकास गर्ने योजनाका साथ अगाडि बढेका छौं, त्यसैगरी राजनीतिक दलहरुले पनि देश विकासको लागि इमानदारिताका साथ अगाडि बढ्नुपर्‍यो। विश्वको सबैभन्दा सुन्दर देश हो नेपाल, धार्मिक पर्यटनका सम्भावना पनि थुप्रै छन्। यहाँ धार्मिक पर्यटनका सम्भावना थुप्रै छ। प्रत्येक जिल्लामा धार्मिक पर्यटकीय स्थल छन्। तर सरकारले त्यसका लागि वातावरण बनाउन सक्नुपर्छ। हामी कृषिप्रधान देश फेरि पनि हुन सक्छौं। जलस्रोतको धनी देशमा विभिन्न देश बिजुली उत्पादनका लागि लगानी गर्न तयार छ, तर राजनीतिक दलको कारण हुन सकेको छैन। हामीसँग हिमाली भेगमा महंगो महंगो जडीबुटी छन्, त्यसलाई व्यवस्थित गर्न सक्नुपर्‍यो।

### अन्त्यमा, तपाई राजनीतिमा आउने कि ?

आजसम्म न कुनै राजनीतिक दलको सदस्यता लिएको छु, न कहिले लिनेवाला छु। पदमा बसेर मात्रै काम गर्न सकिन्छ भन्ने सोच मेरो छैन, म जहाँ भए पनि देश विकासका लागि इच्छा छ भने आफ्नै ठाउँबाट भूमिका निर्वाह गर्न सक्छु। राजनीतिक कारणले देशको यो अवस्था सृजना भएको हो। त्यसैले राजनीतिक दलमा आबद्ध हुनेवाला छैन।

# धान रोपेर विरोध गर्दा नभएपछि चक्काजाम

**मधेशदृष्टि**
**बारा।**

बाराको मानवत मटिअर्वा सडक वर्षौंदेखि निर्माण अधुरो छाडेर ठेकेदार भागेको भन्दै आक्रोशित स्थानीयले शनिबार बिहानदेखि चक्काजाम गरेका छन्।
मानवत मटिअर्वा सडक खण्डअन्तर्गत कलैया उपमहानगरपालिकाको बजार क्षेत्रको ३ किलो मिटर बाटो वर्षौंदेखि बन्न नसकेको र वर्षायाममा हिलो तथा गर्मीयाममा धुलाम्मे हुँदा कलैया बजारक्षेत्र प्रभावित हुँदै आएको भन्दै स्थानीय



युवा सुभाष कुशवाहाको नेतृत्वमा सडकमै टेन्ट गाडेर धर्ना दिनुका साथै चक्का जाम गरिएको हो। १६ वर्षको अवधिमा जसको सरकार बन्छ, उसैका मन्त्री आएर पटकपटक सडकको शिलान्यास गर्ने तर बनाउनेतर्फ कसैले चासो नदेखाएपछि स्थानीय आक्रोशित भइ चक्काजाम गरेको नेपाली कांग्रेसका युवा नेता लुकेश सिंहले बताए।

गतवर्ष सोही सडकखण्डको कलैयाको भरत चोकमा सडकमै स्थानीयले धान रोपेर प्रदर्शन गरेका थिए। स्थानीयको दबाबपछि सडक बनाउने जिम्मा लिएका ठेकेदार सुनिल यादवलाई प्रहरीले पक्राउ गरेको थियो।
आफूहरु कसैको दबाबमा अब नपर्ने, सडक निर्माण नभएसम्म आन्दोलनसमेत नरोकिने सिंहले बताए। मानवत मटिअर्वा सडक ४ वर्षदेखि अधुरो छाडेर बेपत्ता रहेका ठेकेदार यादवलाई कडा कारबाही गर्नु पर्ने माग आन्दोलनकारीले गरेका छन्।

विशेष अफरमा धमाधम बुकिङ्ग भइरहेको छ।
डिलरको आवश्यक्ता



CROP CRUISER



धान, गेहु, मकैको लागि उपयोगी
अधिकृत विक्रेता: त्रिशक्ति ट्रेडर्स
प्रतिमा चौक, वीरगंज, पर्सा, मो.नं. ९८५५०२१०२०

# उपमेयर आलम तीन कार्यक्रममा व्यस्त



**मधेशदृष्टि**
**वीरगंज।**

वीरगंग उपमहानगरपालिकाका उपमेयर इम्तियाज आलम शनिबार तीन कार्यक्रममा सरिक भएका छन्। बिदाका दिन हुने बढी आयोजना हुने सार्वजनिक कार्यक्रममा उपमेयरको सहभागिता भएको हो।
नेपाल मुस्लिम पत्रकार महासंघ पर्साको आयोजनामा वीरगंज महानगरपालिका वडा नम्बर २ स्थित इदगाह र छठघाटमा भएको वृक्षारोपण उद्घाटन गर्दै वीरगंज महानगरपालिकाका उपप्रमुख आलमले वीरगंज महानगरले स्वच्छ सुन्दर हराभरा नगर बनाउने उद्देश्यका साथ काम गरिरहेकाले सबैको सहयोग र समर्थन हुनु पर्ने बताए। उनले सफा र समृद्ध वीरगंजका लागि नगरवासीको सहयोग अपरिहार्य हुने बताए। वृक्षारोपण कार्यक्रममा वीरगंज महानगरपालिका वडा नम्बर २ का वडा अध्यक्ष महमद रेयाज मियालगायत महानगरपालिकाका जनप्रतिनिधि, कर्मचारी, स्थानीय, सञ्चारकर्मीको उपस्थिति थियो।
यस्तै, विद्यापतिनगर झाँझी टोल सुधार तथा व्यवस्थापन समिति श्रीपुरद्वारा भएको खुल्ला रक्तदान कार्यक्रममा पनि उपमेयर आलम सहभागी भए।
रगतको बढदो मागलाई मध्यनजर गर्दै गरिएको रक्तदान कार्यक्रम उद्घाटन गर्दै उपप्रमुख आलमले रक्तदान गर्नु स्वाभाविक भएको र रक्तदानले शरीर स्वस्थ रहनुका साथै तन्दुरुस्त रहने बताए। उनले रगतको अभावमा कैयौंले मृत्युवरण गरिरहनु परेकाले रक्तदान जीवन दानसरह भएको बताए।
विद्यापतिनगर झाँझी टोल सुधार तथा व्यवस्थापन समितिका अध्यक्ष सोएन अनवरको अध्यक्षतामा भएको कार्यक्रममा समितिका उपाध्यक्ष शिवराज प्रसाद यादव, सचिव मणिभुषण द्विवेदी, सहसचिव केशव प्रसाद चौरसिया, कोषाध्यक्ष शुकदेव प्रसाद चौरसिया, सदस्य प्रमोद गिरि, फिरोज हवारी, महेश राम, धनेश्वर रौनियार, चन्दा देवी, मिरा देवी रामलगायतका उपस्थिति थियो।



यस्तै, शनिबार नै उपमप्रमुख आलम विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जमा दुईदिने कार्यशाला गोष्ठी उद्घाटन गर्न पुगे। रोयल प्यालेसमा वीरगंज महानगरपालिकाको सहयोग र विकास नेपालको आयोजनामा भएको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना गोष्ठी उद्धाटन गर्दै उपप्रमुख आलमले भने, 'विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमामा गोष्ठी प्रभावकारी हुने भएकाले सहभागीले ध्यान केन्द्रित गर्न जरुरी छ।' गोष्ठीमा वीरगंज महानगरपालिकाका कर्मचारी, वीरगंज महानगरपालिकाका ३२ वटै वडाका अध्यक्षको उपस्थिति थियो।
विकास नेपालका अध्यक्ष फुलमहम्मद मियाको अध्यक्षतामा भएको कार्यक्रममा वीरगंज महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मी पौडेल, विपद् व्यवस्थापन समिति संयोजक प्रदिप कुमार चौरसिया, महाशाखा प्रमुख देवेन्द्र चौधरी, वीरगंज महानगरपालिकाकी कर्मचारी बिभा मिश्रको उपस्थिति थियो।

